# प्राथमिक तह (कक्षा-५) मा मातृभाषा मैथिली पाठ्यक्रम कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयका

आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता

देवनारायण यादब

परीक्षा रोल नं. : १३०१३१/२०६६

त्रि.वि. दर्ता नं. : २६३५०-९३

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादब बहुमूखी क्याम्पस , सिरहा

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग


२०७१

☏ ०३३-५२०३८७

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस , सिरहा

पत्र संख्या

चलानी नम्बर मिति : २२/०३/२०१५

## सिफारिस पत्र

यस क्याम्पसका छात्र देव नारायण यादवले मेरो निर्देशनमा रही **"प्राथमिक तह (कक्षा ५ ) मा मातृभाषा मैथिली पाठ्यक्रम कार्यान्वयनको अवस्था"** शीर्षकमा यो शोधपत्र तयार गर्नु भएको छ । उहाँले अत्यन्त मेहनतका साथ तयार गर्नु भएको यो शोघ-पत्रको अधययन, माषाशैली, प्रस्तुतीकरण प्रति म पूर्ण रुपमा सन्तुष्ट छु । तसर्थ यो शोधपत्रलाई स्वीकृतिका लागि पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, सू.स.मो.या.ब. क्याम्पस,सिरहा को शोध मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

जितेन्द्र कुमार यादव
शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादब

बहुमुखी क्याम्पस , सिरहा

पत्र संख्या

चलानी नम्बर

## स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर तहह (एम्.एड्) दोस्ो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि देव नारायण यादवले **"प्राथमिक तह (कक्षा-५) मा मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयको अवस्था"** शीर्षकमा शोध अध्ययन कार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले मूल्यांङ्कन समतिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्यांङ्कन समिति**

| **क.सं.** | **नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | **रमहित यादव** | **क्याम्पस प्रमुख/ विभागीय प्रमुख** | .................... |
| २. | **जितेन्द्र कुमार यादव** | **शोध निर्देशक** | ........................ |
| ३. | **प्रा.स्वयं प्रकाश ज.व.रा** | **बाह्य परीषक** | ............................ |

**मिति : ४/१०/२०१५**

# कृतज्ञता ज्ञापन

"प्राथमिक तह (कक्षा ५ ) मा मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयको अवस्था" शीर्षकको शोधपत्र श्री सत्यनारायण सूर्यनारायण मोरवैता यादव वहूमूखी क्याम्पस स्नातकोत्तर तह द्वितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको हो । सर्वप्रथम मेरो शोधपत्र प्रस्तावनालाई स्वीकृति प्रदान गरी शोधपत्रको लागि अवसर प्रदान गर्नुहुने र वारम्वार त्यस शोधपत्रको निर्माणको लागि सल्लाह, सुझाव र अमूल्य समय दिई तयार गर्ने क्रमसम्म सहयोग गर्नुहुने आदरणीय गुरु शि. सहा.कशोर साह प्रति म विशेष ऋणी छू । यस शोधपत्र लेखन कार्यमा र उच्च शिक्षा प्राप्तिका लागि वारम्वार हौसला र प्रेरणा दिनुहुने क्याम्पस प्रमुख/ विभागिय प्रमुख श्री रामहित यादब ,तथा डा. रामवतार यादव, प्रा.डा. पशुपति नाथ झा प्रा.डा.योगेन्द्र प्रसाद यादव प्रा. सुरेन्द्र घिमिरे , धिरेनद्र प्रेमर्षि र श्री चन्दे्श्वर यादवज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछू ।

मलाई पढाइप्रति सदैव जागरुक र उत्साहित गराउँदै यस तहसम्म ल्याउन हरेक पक्षमा सदा उत्साह, प्रेरणा र हौसला प्रदान गर्दै सफल भविष्यको कामना गर्नुहुने दाजु सत्यनारायण यादब  प्रति सदैव ऋणी रहने छू । यस क्याम्पसमा प्रवेश गर्दाको दिनदेखि हाल सम्म सधैं सहयोगी भावना र मित्रता प्रकट गर्ने साथीहरु,  दिगम्वर, प्रदिप, राम उमेश, तथा कम्प्यूटर लेखन मा सहयोग पुर्‍याई दिने दिनेश यादव लाई धन्यवाद दिन चाहन्छू ।

देवनारायण  यादव

# शोधसार

नेपाल एक बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुभाषिक मुलुक हो । कुनै पनि देशको पहिचान भनेको त्यो देशको आदीवासी जनजाति तथा उनीहरुको भाषा धर्म सँस्कृति र मौलिक पहिचान नै हो । राष्ट्रिय जनगणना २०६८, अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ मध्ये मातृभाषा मैथिली बोल्नेको संख्या ३०,९२,५८० (११.७ %) रहेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले हाल सम्मका सबै भाषिक विभेदको अन्त्य गरी सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गरेर सबैधानिक रुपमा भाषा विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गरी सकेको छ । यसै गरि संयूक्त राष्ट्रसंघ तथा विभिन्न संघ संस्थाहरुले तथा अनुवन्धहरुमा नेपाल सरकारले हस्ताक्षर गरिसकेको सन्दर्भमा नेपालका विभिन्न जातजातिका मानिसहरुले बोल्ने विभिन्न भाषाहरुको जुन रुपमा विकास हुनुपर्ने हो सो हुन सकिरहेको छैन् । कुनै पनि भाषाको विकासमा त्यस भाषाको पठन पाठन तथा पाठ्यक्रम र पाठ्यपुस्तकको पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसै सवालमा " प्राथमिक तह (कक्षा -५) मा मैथिली मातृभाषा पाठयक्रम कार्यान्वयनको अवस्था " शिर्षकमा केन्द्रित रही यो अध्ययन गरिएको थियो । यस अध्ययनको उदेश्य  धनुषा जिल्ला वेल्ही र कुमरौरा स्रोत केन्द्र अर्न्तगतका विभिन्न ५ ओटा विद्यालयमा सञ्चालित मैथिली भाषा पाठ्यक्रम कसरी कार्यान्वयन भइरहेको छ भनी विभिन्न पक्षहरु भौतिक, प्रशासनिक र शैक्षिक पूर्वाधार, पाठ्यवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, सामग्री मूल्याङ्कन प्रकिया र सरोकारवालाहरुको धारणा आदिको माध्यमबाट पतालगाउनु रहेको थियो । यस अध्ययनको उद्देश्य अनुरुप सूचना संकलन गर्नका लागि छनौटमा परेका विद्यालयका विषय शिक्षक, प्रधानाध्यापक, अभिभावक, विषय विज्ञ तथा विद्यार्थीहरुलाई खुल्ला प्रश्नावली तथा लक्षित समूह छलफल निर्देशिका कक्षा शिक्षण अवलोकनवाट सूचना संकलन गरिएको थियो ।

यो अध्ययन अन्तर्गत विषय विज्ञ जो मैथिली मातृभाषाको पाठयक्रम निर्माता थिए । भाषाविद थिए उनीहरुबाट प्राप्त प्रतिक्रिया अनुसार पाठ्यक्रम कार्यान्वयनको पहिलो तह भनेको विद्यालयको भौतिक, प्रशासनिक र शैक्षिक पूर्वाधार हो विषय विज्ञहरुले नमूना छनौटका पाँच ओटा विद्यालय भन्दा पनि

समग्र कार्यक्रम लागू भएका विद्यालयको अवस्थालाई दर्शाउन खोजेका थिए । उनीहरुका अनुसार मैथिली मातृभाषा कार्यक्रम लागू गर्न विद्यालयमा भौतिक, प्रशासनिक र शैक्षिक पूर्वाधार प्रर्याप्त छ तर सम्वन्धित पक्षको वेवास्ता तथा विद्यालयहरुमा शिक्षक दरवन्दीको अभावका कारण तथा शिक्षकहरुमा प्रर्याप्त ज्ञानको अभावका कारण मैथिली मातृभाषा पाठ्यक्रम कार्यन्वयनको अवस्था कमजोर देखिन्छ । साथै विषय शिक्षकहरुका अनुसार पाठ्यक्रम तथा पाठपुस्तकहरु समयमा नै विद्यालयमा नपुग्ने शिक्षण सामग्री तथा विभिन्न अस्पष्ट निर्देशिका का कारण आशा गरे अनुसार पाठ्यक्रम कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । त्यसै गरी उनीहरुको अनुसार बढी मात्रामा नेपाली भाषा तथा अंग्रेजी भाषाको प्रभाव वर्तमान् मूल्याङ्कन प्रणाली त्रृटीपूर्ण रहनुले पनि आशा गरे अनुसार पाठयक्रम कार्यान्वयन हुन सकिरहेको छैन । यसका लागि सबै जिम्मेवार दँगले लाग्नु पर्दछ । त्यसै गरी विद्यार्थी छलफलवाट प्राप्त निश्कर्ष अनुसार नेपाली तथा अंग्रेजी भाषाको तुलनामा आफनो मातृभाषा सिक्न गह्रो हुने त्यसै गरी अभिभावक का अनुसार यो विषय पढे पछि भविषयमा रोजगारी को समस्या हुने हुदाँ मातृभाषा प्रति कम आकर्षण छ ।

अन्त्यमा घर बालवालिकाको पहिलो पाठशाला हो । घरमा सिकेको भाषा उसको आधारस्तभ्म हो । भाषिक अनुसधानहरुले के देखाउँछ भने यहि कुनै वालकले उसको आफ्नो मातृभाषा जानेको छ । भने उसले दोस्रो र तेस्रो भाषा पनि सहने सिकन सम्छ । यस कारण आजको आधुनिक युगमा आफनो पहिचान कायम राख्न विभिन्न समुदायको मातृभाषाको संरक्षण गर्न उनीहरुको मातृभाषामा पठन पाठन हुनु अति आवश्यक छ ।

# विषय सूची


**पेज नं.**

**परिच्छेद -एक :**

**परिचय** **१-६**

१.१ अध्ययनको पृष्ठभुमि १

१.२. समस्याको कथन ३

१.३. अध्ययनको औचित्य ४

१.४. अध्ययनको उदेश्य ४

१.५. अनुसन्धानात्मक प्रश्नहरु ५

१.६. अध्ययनको सिमाङ्गन ६

१.७. परिभाषित शब्दावली ६

**परिच्छेद - दुई :**

**सम्बन्धित साहित्यको पुनरावलोकन** **७-१९**

**२.१. सम्वन्धित साहित्यको पुनरावलोकन** ७

२.१.१ मातृभाषिक शिक्षा ७

२.१.२. नेपाल सरकारको मातृभाषामा शिक्षा सम्बन्धी बैधानिक प्रावधान ११

**२.२. अवधारणात्मक ढाँचा** १९

**२.३. पुनरावलोकनको उपादेयता** २०

**परिच्छेद - तीन**

**अध्ययन विधि** **२१-२५**

**३.१. अनुसन्धानको ढाँचा** २१

**३.२. अध्ययन क्षेत्र र जनसंख्या छनौट** २१

३.२.१. नमुना छनौट २१

३.२.२. विद्यालय छनौट २२

३.२.३. शिक्षकको छनौट २२

३.२.४. प्र.अ. छनौट २२

३.२.५. अभिभावक छनौट २२

३.२.६. विद्यार्थी छनौट २२

३.२.७. विषय विज्ञको छनौट २२

**३.३. तथ्याङ्क संकलनका स्रोतहरु** २३

३.३.१. प्राथमिक तथ्याङ्क २३

३.३.२. सहायक तथ्याङ्क २३

**३.४. अनुसन्धानका साधनहरुको निमार्ण** २३

३.४.१ खुल्ला प्रश्नावली २३

३.४.२. लक्षित समूह छलफल २४

३.४.३. अवलोकन निर्देशिका २४

**३.५. साधनहरुको विश्वनीयता र वैधता** २४

**३.६. सूचना संकलन प्रकृया :** २४

**३.७. सूचनाको विश्लेषण प्रकृया** २५

**परिच्छेद - चार**

**तथ्याङ्कको विश्लेषण तथा व्याख्या** २६-४३

**४.१. मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक न्यूनतम भौतिक, प्रशासनिक र शैक्षिक पूर्वाधारहरु** २६

४.१.१. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधारहरु २६

४.१.२. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रशासनिक पूर्वाधारहरुको अवस्था २८

४.१.३. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शैक्षिक पूर्वाधारहरुको अवस्था २९

**४.२. मैथिली मातृभाषाको पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पाठ्यपुस्तक, शिक्षण क्रियाकलाप, सामग्री र मूल्याङकन प्रक्रियाको अवस्था :** ३०

४.२.१. पाठ्यपुस्तक तथा शैक्षिक समाग्रीको उपलब्धता : ३०

४.२.२. शिक्षक तथा विद्यार्थी क्रियाकलाप ३१

४.२.३. शिक्षण सामग्रीहरुको प्रयोगको अवस्था ३६

४.२.४. शिक्षण विधिहरुको प्रयोगको अवस्था ३७

४.२.५. शिक्षकहरुको योग्यता तथा तालिम ३८

४.२.६. मूल्याङकन प्रक्रिया ३८

४.२.७. पाठ्यक्रम कार्यान्वयन योजना ३९

**४.३. मैथिली मातृभाषा कार्यान्वयनमा सरोकारवालाहरुको धारणा, समस्या र समाधानका उपायहरु :** ४१

४.३.१. समग्र कार्यक्रम प्रति सरोकारवालाहरुको धारणा ४१

४.३.२. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु ४२

४.३.३. पाठ्यक्रम, कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु ४३

**परिच्छेद - पाँच**

**प्राप्ति, निष्कर्ष तथा सुझाव** **४५-४९**

**५.१. प्राप्ती** ४५

**५.२. निश्कर्ष** ४७

**५.३. सुझाव** ४९

**सन्दर्भसामग्रीहरु** ५१

**अनूसुचीहरु**

## अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची १ : | छनौटमा परेका विद्यालयका नामावली | ५२ |
| अनूसूची २ : | छनौटमा परेको विद्यालयका प्रधानाध्यापकहरुको नामावली | ५३ |
| अनूसूची ३ : | छनौटमा परेका शिक्षकहरुका योग्यता तथा तालिम | ५४ |
| अनूसूची ४ : | छनौटमा परेका विद्यार्थी | ५५ |
| अनूसूची ५. : | छनौटमा परेका विषय विज्ञ | ५६ |
| अनूसूची ६ : | छनौटमा परेका अभिभावकको नामावली | ५७ |
| अनूसूची ७ : | शिक्षकहरुकालागी खुल्ला अन्तर्वाता प्रश्नावली | ५८ |
| अनूसूची ८ : | प्रधानाध्यापकका लागि खुल्ला अन्तर्वाता प्रश्नावली | ६० |
| अनूसूची ९ : | विज्ञहरुको लागि खुल्ला अन्तर्वाता प्रश्नावली | ६१ |
| अनूसूची १० : | अभिभावकका लागि खुल्ला अन्तर्वाता प्रश्नावली | ६२ |
| अनूसूची ११ : | विद्यालयमा विद्यमान भौतिक पूर्वाधारहरु | ६३ |
| अनूसूची १२ : | विद्यालयमा विद्यमान प्रशासनिक पूर्वाधारहरु | ६४ |
| अनूसूची १३ : | विद्यालयमा विद्यमान शैक्षिक पूर्वाधारहरु | ६५ |
| अनूसूची १४ : | मातृभाषा अध्यापन गराउने विषय शिक्षकहरुका लागि अवलोकन निर्देशिका | ६६ |
| अनूसूची १५ : | लक्षित समूह छलफल निर्देशिका | ६७ |

# परिच्छेद- एक

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमि

समाजको विकासक्रममा सामजिक सर्म्पकको सशक्त माध्यमको रुपमा मानव भाषाको उदय भयो । भाषा समुदायको अभिव्यतिको माध्यममात्र होइन शिक्षण सिकाइ , सञ्चार र दैनिक जीवन सञ्चालनको माध्यम हो । भाषा संस्कृति , सभ्यता , स्वभिमान र राष्ट्रिय पहिचान पनि हो । भाषा समाजको सामूहिक एकता , उन्नति , प्रगति , र क्रान्तिकारी परिवर्तनका अचूक एवं अनिवार्य साधन हो । बालबालिकाको सिकाइको प्रारम्भ घर परिवारबाट हुन्छ । घरपरिवारमा बोलिन भाषा बच्चाले सबै भन्दा पहिलो बोल्ने हुन्छ । सिकाइमा यसको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालयहरुमा हुने शिक्षण सिकाइ क्रियाकलाप बालबालिकाले घरपरिवार वा आमाले बोल्ने भाषा अर्थात मातृभाषामा हुन सके बालबालिकाले चाडैं सिक्ने गर्दछन् । विशेष गरी प्रारम्भिकतहका कक्षाहरुमा शब्द भण्डारका कारणले सिकाइ सहज हुने हुँदा र विद्यालय प्रति विद्यार्थीको आकर्षक समेत बढ्ने हुदा मातृभाषाका माध्यमवाट पठन-पाठन गर्ने गराउदाँ उपयुक्त हुन्छ भन्ने कुरा अध्ययनहरुले औल्याएको छ । ( वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७)

सेनेगल डकारमा सम्पन्न सबैका लागि शिक्षा विषयक अन्तराष्ट्रिय संघद्धारा १० डिसेम्बर सन् १९४८ मा घोषणापत्र , १६ डिसेम्बर सन् १९६६ मा जारी भएको नागरिक तथा राजनैतिक अधिकार विषयका राष्टसंघीय अनुबन्ध सन् १९९० को “सबैका लागि शिक्षा” विषयक सम्मेलन सन् १९८९ मा राष्ट्र संघको सधारण सभाले पारित गरेको बालअधिकार सम्बन्धी घोषणापत्र आधारभूत तथा प्राथमिक शिक्षा परियोजना । सन् २००० को डकार फेमवर्क , राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन ( २०५५) आदि जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि महासन्धि तथा शिक्षा आयोगहरु मातृभाषामा शिक्षा दिइनु पर्ने कुरालाई अगाडि सारेका छन् । हरेक बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा पाउनु उसको नैसर्गिक अधिकार हो । बालकले घरायसी वातावरण नै सहज रुपले बोल्न सिकेका मातृभाषामा शिक्षा दिन सकेमा उसका लागि शिक्षा ज्यादै सहज र प्रभावकारी हुन्छ । तर मातृभाषामा बाहेकको दोस्रो भाषामा शिक्षा दिनु पर्दा उसको भाषिक माध्यम नै सर्वप्रथम कष्टकर

हुने भएकोले उसको पठन पाठनमा प्रभाव पार्दछ । विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरु विद्यालय भर्ना हुदा उनीहरुले सुरुमा नेपाली भाषाको माध्यमबाट शिक्षण हुने कक्षामा भाषा नबुझ्दा उनीहरु स्कूलमा नआउने,कक्षा छाड्ने र शिक्षा सिकाई कियाकलापमा सहभागी न हुन सक्छन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षण सिकाई कममा दिइने ज्ञान , सीप बालवालिकाहरुले आर्जन गर्न नसक्नुका साथै उनीहरुमा निरसता सिर्जना भई विद्यालय आउन नमान्ने भाषिक कठिनाइले शिक्षणमा पछौटेपन देखा पर्दछ । यसरी हेर्दा भाषाको कारणले पनि यस्ता विविध समस्याहरु देखिएको कारणले विशेष गरी प्राथमिक कक्षाहरुमा सिकाइलाई सहज बनाउनको लागि बहुभाषिक शिक्षा नीतिलाई आत्मसात गरि यसलाई बढावा दिनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नै थुप्रै प्रयासहरु भइरहेको पाइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार, नेपालको कूल जनसंख्या २,६४,९४,५०४ मध्ये मातृभाषा मैथिली बोल्नेको संख्या ३०,९२,५८० (११.७ %) रहेको छ । नेपाल सरकारले बहुभाषिक शिक्षाका लागि नेपालको एक चौथाई विद्यालयहरुमा मातृभाषा शिक्षा लागू गर्ने प्रतिबद्धता जाहरे गरेको देखिन्छ । त्यस्तै गरि मातृभाषाको ६ हजार ३ सय शिक्षकहरुलाई तालिम दिन शैक्षिक जनशाक्ति विकास केन्द्रले बजेटको व्यवस्था गरेको देखिन्छ ।

यसैगरी नेपाल सरकारले सन् २००७ (वि.स.२०६४) देखि बहुभाषिक नीति पारित गरी कार्यकमलाई कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय पाठयकम प्रारुप २०६३ लागू भइसकेछ भने त्यसै गरी शिक्षा विभाग समाहित शिक्षा शााखा अर्न्तगत बहुभाषिक शिक्षा कार्यकम २०६३ साल देखि २०६६ साल सम्म परिक्षणको रुपमा ६वटा जिल्लाका ७ वटा विद्यालायमा ८ वटा मातृभाषामा संचालन भइसकेको छ भने हाल-सो कार्यकम विस्तार भईसकेको छ । भने हाल-सो कार्यकम विस्तार भई २० वटा विद्यालयमा लागु भइसकेको छ । कक्षा-१ देखी ३ सम्म मातृभाषा बालसन्दर्भ सामग्री तथा कक्षा १ देखी ५ सम्मका पाठयपुस्तक १५ ओटा भाषामा तयार गरिएको छ भने केही भाषाका उच्च शिक्षाका पाठयकम पनि तयार पारिएका छ । त्यसै गरी शिक्षक तालिम सामग्री तथा ६ वटा भाषामा आधारभूत पाठयसामग्री तयार भइसकेको छ । (अधिकारी,२०६८,पेज ३५) यसै सन्दर्भमा प्राथमिक शिक्षा पाठयकम २०६२ मा उल्लेख भएअनुसार प्राथमिक तह कक्षा-१ देखी नै निर्धारित कुल समयको साप्ताहिक ४ घण्टी स्थानीय विषय/ मातृभाषाका लागि छुट्याइएको छ । यसरी उक्त विषयका

लीग छुट्याएको समयमा विद्यालयले आफ्नो स्थानीय आवश्यकता र सुविधा अनुसार पाठयक्रम कार्यान्वयन गर्न सक्ने प्रावधान छ ।

प्राथमिक तहमा मातृभाषा विषय विद्यार्थीको छनौट अनुसार निर्धारण गरिने विषय नभई विद्यालयले आफ्ना आवश्यकता अनुरुप राख्न सक्छन् । यस विषयको पाठयक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निमार्ण गर्न सकिने व्यवस्था रहेतापनि विद्यालयहरुलाई सहयोग पुऱ्याउने उदेश्यले पाठयक्रम विकास केन्द्रवाट नमुनाकालागि विभिन्न मातृभाषाका पाठयसामग्री विकास गर्ने क्रममा मैथिली भाषाको पाठयपुस्तक “हमर मैथिलीपोथि ” निमार्ण भएको पाइन्छ । यो अध्ययनमा प्राथमिक तहमा (कक्षा-५) मा पाठयक्रम कार्यन्वयनको अवस्था शिर्षकमा केन्द्रीत छ ।

## १.२ समस्याको कथन

शिक्षाका राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्नका लागि बनाइएको योजनालाई पाठयक्रम भनिन्छ । पाठयक्रमलाई सिङ्गो शिक्षा प्रणाली मेरुदण्डको रुपमा लिइन्छ । नेपालको अन्तरिम संविधानले “ प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभुत शिक्षा पाउने हक हुने” कुराको प्रत्याभुति गरेको छ । यसरी कानुनले स्पष्ट रुपमा तोकेर नै अधिकार मातृभाषामा अपेक्षित रुपमा शिक्षा लिन नपाइरहेको अवस्था विद्यमान छ । यसरी मैथिली मातृभाषा (हमर मैथिली पोथी) को कार्यान्वयन प्रक्रिया कमजोर हुनुको पछाडि के-के कारणहरु छन् ? भनी यस अध्ययनले खोज गर्ने उदेश्य लिएको छ । मुख्यरुपमा निम्न समस्यामूलक प्रश्नहरुको समाधान खोज्न प्रयास गरिने छ ।

(क) मैथिली मातृभाषाको पाठयक्रम कसरी कार्यान्वयन भइरहेको छ ?

(ख) अभिभावक , प्र.अ. र विषयशिक्षकको “हमर मैथिली पोथी” प्रतिको धारणा कस्तो रहेको छ ?

(ग) सम्बन्धित सरोकारवाला व्यक्ति, संघसंस्थाको भूमिका के कस्तो छ ?

(घ) के पाठयक्रम तथा पाठयपुस्तक समयमै उपलव्ध भएको छ ?

(ङ) शिक्षक दरबन्दी तथा मातृभाषा अध्यापन गर्न शिक्षकको योग्यता कस्तो छ ?

(च) स्थानीयस्तरमा विद्यालय आफैले मातृभाषामा पाठय सामग्री तयार गरेको छ?

(छ) मातृभाषाका लागि न्यूनतम स्रोत र साधन के-के हुन् ? कसरी तर्जुमा गरिएको छ ?

(ज) आवश्यक शिक्षण सिकाइ कियाकलाप सामग्री र मूल्याङ्कन के के अवलम्वन गरिएको छ ?

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन/अनुसन्धानको आ-आफ्नै किसिमको महत्व/औचित्य रहेको हुन्छ । यदि कुनै अध्ययनका लागि छनौट गरिएको विषय वा समस्याको कुनै महत्व छैन भने त्यस अध्ययनमा अनुसन्धानको कुनै औचित्य पनि पुष्टि हुँदैन । तसर्थ यस अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गरिएको छ ।

(क) मातृभाषा मैथिली (हमर मैथिली पोथी) को प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित पक्षले कस्तो भूमिका निर्वाह गर्नु पर्दछ र कार्यान्वयन कुन ढंगबाट भइरहेको छ ।

(ख) विद्यमान भौतिक , शैक्षिक र प्रशासनिक अवस्था तथा पाठ्यवस्तु शिक्षण प्रकृया र मूल्याङ्कन कसरी भइरहेको छ , पहिचान गर्नु र समस्या समाधानका उपायहरु पत्ता लगाउने ।

(ग) मातृभाषा मैथिली पाठयकमको प्रभावकारिता र उपादेयता अध्ययन गरी यस संग सम्बद्ध व्यक्ति , संस्था एवम नीति निर्माताहरुलाई आवश्यक सुचना प्रदान गर्ने,

(घ) मातृभाषा मैथिली पाठयकमको कार्यान्वयनको अवस्था , सम्भावना र चुनौतीहरु पहिचान गरी सम्बन्धित निकाय वा संघसंस्थालाई सूचनाहरुको आधारमा थप मानी योजना , रणनीति र कार्ययोजनाहरु संचालन गर्न साथै आवश्यक परिमार्जन र सुधारका लागि सूचनाहरु प्रदान गर्ने ।

## १.४ अध्ययनको उदेश्यहरु

यस अध्ययनको मुख्य उदेश्य मातृभाषा मैथिली पाठ्यकम कार्यान्वयनको अवस्था पहिचान गर्नु हो विशिष्टीकृत रुपमा भन्नुपर्दा यस अध्ययनको उदेश्यहरु निम्नानुसार रहेका छन् ।

(क) सामुदायिक विद्यालयमा संचालित मैथिली मातृभाषाको पाठ्यकम कार्यान्वयनका लागि उपलब्ध न्युनतम भौतिक , प्रशासनिक र शैक्षिक पूर्वाधारहरु पतालगाउनु ।

(ख) मैथिली मातृभाषा पाठ्यकमको कार्यान्वयनको अवस्था पहिचान गर्नु ,

(ग) मैथिली मातृभाषाको पाठ्यवस्तु , शिक्षण सिकाइ कियाकलाप । सामग्री र मुल्याङ्कन प्रकृयाको लेखाजोखा गर्नु

(घ) मैथिली मातृभाषा कार्यान्वयनका समस्या र उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका उदेश्यहरु पूरा गर्नका लागि निम्न अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) सामुदायिक विद्यालयमा सञ्चालित मैथिली मातृभाषा कार्यान्वयनको अवस्था कस्तो छ ?

(ख) मातृभाषाकाको लागि कक्षा कोठा , पुस्तकालय , खानेपानी , शौचालय , खेल मैदान आदिको अवस्था के छ ?

(ग) मैथिली भाषामा लेखिएका पाठ्यपुस्तक तथा शिक्षण सामग्रीहरु पर्याप्त वा अपर्याप्त के छन् ?

(घ) पाठ्यकमले मैथिली मातृभाषा बालबालिकाको , शारीरिक , मानसिक र संवेगात्मक आवश्यकतालाई सम्बोधन गर्छ कि गर्दैन ?

(अ) गर्छ भने कसरी ?

(आ) गर्दैन भने कसरी ?

(ङ) मैथिली भाषाको लागि शिक्षक दरबन्दी तथा विद्यालयमा उपलब्ध स्रोतहरु कस्ता छन ?

(च) मैथिली मातृभाषामा संलग्न भइरहेका शिक्षकहरुको शैक्षिक योग्यता , तालिम तथा अवसरको स्थिति के छ ?

(छ) पाठ्यकम तथा पाठ्यपुस्तक समयमै उपलब्ध भएका छ कि छैनन् ?

(ज) समुदाय , विद्यालय , गा.वि.स.तथा अन्य संस्थाहरुको संलग्नता कस्तो छ ?

(झ) शिक्षण सिकाइ कियाकलाप , मूल्याङ्कन विधि तथा सामग्री प्रयोगको अवस्था कस्तो छ ?

(ञ) मातृभाषा मैथिली अध्यापनमा विद्यमान समस्याहरु के-के छन् ?

## १.६ अध्ययनको सिमाङकन

कुनै पनि अध्ययन अनुसन्धान कार्य सञ्चालन गर्नु पूर्व कति क्षेत्रमा अध्ययन कार्य सञ्चालन गर्ने भन्ने कुराको सुनिश्चित गर्नु भनेको अध्ययनको सीमा निर्धारण गर्नु हो ? अध्ययनको साधन , स्रोत र समयसीमालाई ध्यानमा राखी प्रस्तुत अध्ययन निम्न लिखित परिधिभित्र रहि गरिएको छ ।

(क) धनुषा जिल्लाको स्रोत केन्द्र कुमरौरा र वेल्ही अन्तर्गतका मातृभाषा मैथिली शिक्षण सिकाइ सञ्चालन गरिएको ५ ओटा प्राथमिक विद्यालयहरु

(ख) मैथिली मातृभाषा (हमर मैथिली पोथी ) कार्यान्वयन अवस्थाको अध्ययन गरिने छ ।

(ग) विद्यालय परिवार, विषय शिक्षक, अभिभावक, प्र. अ. तथा विद्यार्थीवाट र विभिन्न दस्तावेजहरुका अध्ययन गरी आवश्यक सुचना संकलन गरिएको छ ।

## १.७ परिभाषित शब्दावली

आधारभूत शिक्षा= नयाँ व्यवस्था अनुसार कक्षा १ देखि कक्ष ८ सम्म दिइने विद्यालयी शिक्षा

पठ्यकम = शैक्षिक कार्यकमको लागि शिक्षण योजना , पाठ्यवस्तु तथा सहयोगी सामग्रीहरु

मातृभाषा= बालबालिकाको घरमा वोलिने भाषा ।

मातृभाषाको पाठ्यकम = बालबालिकाले एक विषय आफ्नो मातृभाषामा पढ्न पाउने अवस्था अर्थात विषयको रुपमा मातृभाषा (मैथिलीका) अध्ययन

हमर मैथिली पोथी = मैथिली मातृभाषी विद्यार्थीहरुले अध्ययन गर्नै मैथिली भाषाको पाठ्यकम / पाठ्यपुस्तक

# परिच्छेद -दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व साहित्यको पुनरावलोकन अध्ययन अनुसन्धान कायका लागि एउटा महत्वपूर्ण पाटो हो । जसले अनुसन्धानका लागि आधार प्रदान गर्दछ । पूर्व अध्ययन कार्यको समीक्षा गर्नाले वर्तमान अध्ययन कुन विन्दु सम्म पुगेको छ भन्ने जानकारी मिल्न गई थप अध्ययन कार्यलाई अगाडि बढाउनु मार्ग दर्शन मिल्दछ । त्यसैले सामुदायिक विद्यालयमा सञ्चालित मैथिली मातृभाषा ( हमर मैथिली पोथी ) पाठ्यक्रम कार्यान्वयनको अवस्था पतालगाउनु यस अध्ययन संग मेल खाने र सहयोग पुग्राउने केही पूर्व साहित्यको समीक्षात्मक अध्ययन गरी यस परिच्छेदमा समेट्ने प्रयत्न गरिएको छ ।

यस परिच्छेदमा सैद्धान्तिक साहित्यको समीक्षँ र अवधारणात्मक ढाँचाामा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

यस भाग अर्न्तगत मातृभाषिक शिक्षाका आवश्यकता किन र कसरी भन्ने सवाल संग सम्बन्धित कुराहरु गहिरिएर बुझ्न, व्याख्या , विश्लेषण गर्न विभिन्न खण्डमा विभाजन गरी साहित्यको पुनरावलोकन गरिएको छ । यसका लागि सम्बन्धित पुस्तक , पत्रपत्रिका , सम्वन्धित सन्दर्भ सामग्रीहरु अध्ययन प्रतिवेदनहरु आदिका आधारमा प्राप्त साहित्यको समीक्षँत्मक अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ ।

### २.१.१ मातृभाषिक शिक्षा

समान्यत : बालवालिकाको घर परिवारमा वोलिने भाषालाई मातृभाषा भनिन्छ । अर्थात आमावाट सिक्ने पहिलो भाषा नै  मातृभाााषा हो । मातृभाााषा बालबालिकाले बोल्ने पहिलो भाषा , मौलिक भाषा स्थानीय भाषा र पैतृक भाषा हो । मातृभाषामा शिक्षा सम्वन्धी युनेस्कोको प्रतिवेदन (१९५३) अनुसार बाल्यकालमा प्राप्त गरेको अनुभव विचार तथा सम्प्रेषणको समान्यत : सहज माध्यमका रुपमा प्रयुक्त भाषा नै मातृभाषा हो । मातृभाषाबाट नै प्रत्येक व्यक्ति सर्वप्रथम आफु र आफ्नो वरिपरिको विश्वबारे धारणा बनाउन र अभिव्यक्ति दिन सक्छ । बालकले परिपक्वता सँग संगै मातृभाषा सिकिने हुनाले यस भाषामा बालकको वैचारिक र भावनात्मक निकटता रहनुका साथै आफू

हुर्के बढेको साँस्कृतिक परिवेशमा पनि यसको महत्व रहेको हुन्छ । समान्यत : बालकले सर्वप्रथम सिकेका भाषा भएकोले यसलाइ पहिलो भाषा भनिएको हो तर कतिपय स्थितिमा बालकहरुको सबभन्दा पहिलो सिकेको भाषा मात्र नभएर त्यसपछि सिकिए पनि बालकको विचार सम्प्रेषणको सहज माध्यमका रुपमा प्रयुक्त छ भने त्यस्तो भाषालाई पनि मातृभाषा  भनिएको छ । शिक्षा विभाग , समाहित शिक्षा शाखाद्धारा २०६६ मा आयोजित गोष्ठीमा प्रा.विष्णु एस. राई द्धारा प्रस्तत् कार्यपत्रमा उल्लेख भए अनुसार मातृभाषाको सम्बन्ध वास्तविकता भन्दा पनि बढी भावना संग हुन्छ । विशेष गरिकन नेपालमा मातृभाषालाई आफ्नो आमाको भाषा वा आमाको समुदायको भाषासंग गाँसिन्छ र आफू स्वयम्ले आफ्नो आमाको अथवा वहुभाषिक शिक्षा विस्तारका लागि सहयोग सामग्री विद्यालय वाहिर रहेकाहरुको समावेशीकरणको भुमिका सेफरले उल्लेख गरेका छन् मातृभाषा शिक्षा भनेको मातृभाषाको माध्ययम वाट दिइने शिक्षा हो र मातृभाषाको शिक्षा भनेको मातृभाषा विषयको शिक्षा हो । मातृभाषीहरुले आन्दोलन गरेर खोजेको शिक्षा भनेको मातृभाषामा शिक्षा हो । (योञ्जन २०६८) नेपालको अन्तरिम संविधान , शिक्षा ऐन लगायत विभिन्न समयमा सरकारबाट व्यक्त मातृभाषा शिक्षा सम्वन्धी धारणा र प्रतिवद्धता संवैधानिक घोषणपत्र तथा विभिन्न समयमा सरकारबाट व्यक्त मातृभाषा शिक्षा सम्बन्धी धारणा र प्रतिबद्धता संबैधानिक घोषण पत्र तथा विभिन्न आयोगक प्रतिवेदनका सिफारिसहरुले मातृभाषामा शिक्षा भनी स्पष्ट रुपमा उल्लेख गरेपनि कार्यान्वयनमा भने मातृभाषाको शिक्षा भनी बुझ्ने गरेको हुदाँ यस सम्बन्धी हाल अन्यौलको स्थिति रहेको देखिन्छ । अतः मातृभाषामा शिक्षा र मातृभाषाको शिक्षालाई स्पष्ट गर्दा दुई अवस्था उत्पन्न हुने देखिन्छ ।

(क) मातृभाषामा शिक्षण : माध्यमको रुपमा

(ख) मातृभाषाको शिक्षण : विषयको रुपमा

हेलेन पिनोक (२००६) ले मातृभाषाको माध्यमवाट दिइने शिक्षा आर्थिक हिसाबले पनि सस्तो पर्छ भनेका छन्) शिक्षा मन्त्रालयले छापेको ब्रुसरमा भनिएको छ- विद्यालयमा बालबलिकालाई उनीहरुले नबोल्ने र नबुझ्ने भाषा प्रयोग गर्नु बाध्य पार्नु हुदैन । यसले उनीहरुलाई समाजका उत्पादनशील सदस्य बन्न मदत गर्दैन बाधा पुऱ्याउछँ ।

प्रा.जिम कुमिन्स (२००८) का अनुसार , बालबालिकाको सिकाई विकासको तहलाई अभिवृद्धि गर्न उसको दोस्रो भाषा विकास गर्न मातृभाषाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ यस भनाइ अनुसार

बालबालिकाहरुले आफनो मातृभाषामा शैक्षिक जग बलियो बनाएका हुन्छन । उनीहरुले दोस्रो र तेस्रो भाषामा पनि साक्षरता सीपको विकास प्रभावकारी तरिकावाट गरिरहेका हुन्छन । यस तथ्यहरुका बालबालिकाहरुको मातृभाषालाई पूर्व प्राथमिक तथा प्राथमिक विद्यालयका सुरुका कक्षँमा माध्यम भाषाका रुपमा प्रयोग गर्नु गुणस्तरीय शिक्षाको महत्वपूण पाटो हो (वाइलिङ्ज्युअल चिल्ड्रेन्स मदर रङग पेज १२ )। बहुभाषिक शिक्षाको सन्दर्भमा पहिलो भाषा (मातृभाषा) दोस्रो भाषा राष्ट्रिय र तेस्रो भाषा अग्रेंजी भाषाको लागि बलियो आधार हो । साथै यसले सबै भाषाको सिकाईको लागि तिनीहरुको प्रयोग र उपयोगी सीप हासिल गर्न सहयोग गर्दछ । (मलोन , २००५) बालबालिकाको मातृभाषालाई पुर्व प्रथामिक तह तथा आधारभूत तहमा कक्षा १ देखी ३ सम्म माध्यम भाषाको रुपमा प्रयोग गर्ने भनिएतापनि त्यसको कार्यान्वयन र अनुगमन हुन सकेको छैन । माध्यम भाषा जे जस्तो भएतापनि पूवप्राथमिक शिक्षा पूरा गरेर आधारभूत तहमा अध्ययन गरेका बालबालिकाहरुले शैक्षिक स्तर र प्रगति राम्रो भएको उदाहरण हाम्रा विद्यालयहरुले दिदै आएका छन् । युनेस्को सन् (१९५१) को प्रतिवेदनमा भनिएको छ । “यदि विद्यालयको शिक्षाको सुरुवात नै बालबालिकाहरुले तनावपुर्ण वातावरणमा सिक्नुपर्ने बाध्यतालाई समाप्त पार्दै गुणस्तरीय शिक्षँको लागि शैक्षिक जग तैयार पार्ने हो भने पूर्व प्राथमिक शिक्षालाई अनिवार्य र व्यवस्थित बनाउनका साथै तिनीहरुको मातृभाषालाई पूर्व प्राथमिक तथा प्राथमिक तहमा अनिवार्य बनाउन सक्नु पर्दछ । यो प्रतिवेदनलाई सारमा खास गरी पाँच भागमा  बुझ्न सकिन्छ ।

(क) शारीरिक स्वास्थ्य र विकास

(ख) भावनात्मक र समाजिक विकास

(ग) नयाँ कुरा सिक्न खोज्ने

(घ) भाषाको विकास

(ङ) बुझ्न सक्ने शक्तिको विकास र समान्य ज्ञान ।

हाम्रो शैक्षिक प्रणालीको राम्रो विकासका लागि प्रथमतः नीतिगत साथै पाठ्यक्रमको विकास र शिक्षक तालिममा विशेष ध्यान दिनु पर्दछ । (सवैको लागि शिक्षा अनुगमन प्रतिवेदन , २००७ पेज २०)

भाषा र शिक्षामा UNESCO  को मार्ग निर्देशनः

## पहिलो सिद्धान्त

UNESCO ले मातृभाषामा शिक्षालाई शैक्षिक गुणस्तर सुधार गर्न साधनको रुपमा प्रयोग गरेको छ । यसले शिक्षक र विद्यार्थीको ज्ञानलाई बढाउदै लगेर मातृभाषाको माध्यमबाट शिक्षण गर्ने प्रक्रियालाई प्राथमिकता दिई बृद्धि गर्दै लैजाने योजना बनाइएको छ । यसका लागि

- ☞ मातृभाषा शिक्षण गरिने प्रारम्भिक तहमा आवस्यक साथै साक्षरता कक्षामा पनि मातृभाषामा शिक्षाको व्यावस्था गर्नु उपयुक्त हुन्छ ।
- ☞ विद्यालयका बालबालिकाहरुलाई अध्ययनका लागि मातृभाषामा शिक्षण सामग्रीहरु र अध्ययन गर्ने समग्रीहरु सम्भव भए सम्म उत्पादन गर्नुपर्छ ।
- ☞ विभिन्न क्षेत्रमा बसोबास गर्ने मानिसहरुको संस्कृति सगं परिचित र मातृभाषामा शिक्षण गर्न सक्ने योग्य शिक्षकको व्यवस्था गर्नुपर्छ ।

## दोस्रो सिद्धान्त

लैङ्गिक तथा सामाजिक समानता वृद्धि गर्नकालागि र भाषिक रुपमा विविधता युक्त समुदायका लागि UNESCO ले शिक्षाको सबै तहमा नै भाषिक एंव बहुभाषिक शिक्षालाई समर्थन गरेको छ । यसका लागि

- ☞ बालबालिकालाई मातृभाषामा संचार गर्न आफ्नो विचार धारणा व्यक्त गर्न, सुन्न र छलफल गर्न एवं वहस गर्नका लागि प्रोत्साहन गर्नु पर्दछ । यदि मातृभाषा सरकारी कामकाजको भाषा भन्दा फरक हुन्छ भने मातृभाषा पछि सरकारी कामकाजको भाषा सिकाइको लागि प्रोत्साहन गर्नु पर्छ ।
- ☞ मातृभाषा शिक्षणको क्षेत्रमा सहयोग पुर्‍याउनको लागि राष्ट्रिय नीतीहरु तयार गर्नका लागि जोड लिनुपर्छ मातृभाषा शिक्षणलाई व्यापक बनाउनका लागि विकाशिल राष्ट्रहरुको लागि अन्तराष्ट्रिय सहयोग र सहयाता दिनुपर्छ

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६(२) "नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरु नेपालका राष्ट्रिय भाषा हुन्" भनेर मान्यता दिएको आधारमा काठमाडौं महानगरपालिकाद्धारा नेपाली भाषा र राजविराज नगरपालिका तथा धनुषा जिल्ला विकास समिति

द्धारा मैथिलीलाई नेपाली भाषा सगं सगैं आफनो कार्य क्षेत्रमा प्रयोग गर्दा २०५६ साल १८ गते अदालतको डिभिजन बेन्चले "मातृभाषा प्रयोग नगर्नु नगराउनु" भन्ने आदेशात्मक फैसाला दिएको तितो अवस्था भएपनि मातृभाषीहरुले अ-आफ्नो मातृभाषा कार्यालय भाषाको रुपमा प्रयोग गर्न प्रयास गरिरहेका छन् ।

नेपालको अंन्तरिम संविधान , २०६३ को धारा ५(१) ले "नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन्" भनेको छ । तर धारा ५(२) ले देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको भए तापनि धारा ५(३) ले स्थानिय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोगलाई कुनै बाधा पुय्राएको मानिने छैन भनी उल्लेख छ । त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रुपान्तर गरी अभिलेख राख्ने छ भनी उल्लेख गरेको छ । त्यसै गरी तीन विर्षिय अन्तरिम योजना (२०६४/ ६५-२०६६/०६७) ले "लेख्य परम्परा भएका भाषाहरुको माध्यमबाट पठन पाठ्न तथा सरकारी कामकाज तथा अदालतमा सबै मातृभाषामा बयान दिन पाउने व्यवस्था गरिने छ " भन्ने निती तथा कार्यनिती तर्जुमा गरेको छ । नेपाल सरकारको आर्थिक वर्ष २०६५/६६ को नीति तथा कार्यक्रमले स्थानीय निकायमा स्थानीय स्तरको मातृभाषामा समेत कामकाज गर्न सकिने व्यवस्था मिलाउने भनेको छ । यसरी मातृभाषा पाठ्यक्रमा जति नीतीहरु निमार्ण गरिए पनि कार्यान्वयन पक्षँ सन्तोष जनक देखिदैन । यसर्थ नीती अनुसारको कार्यान्वयन प्रकृयालाई अगाडि बढाउन व्यवहार र अध्ययन महत्वपूर्ण रहनेछ । यी सवै साहित्यहरुको अध्ययन गर्दा मैथिली भाषा तथा पाठ्यक्रमको विकास जति हुनु पर्ने हो त्यति हुन सकेको छैन । यसका लागि सम्वन्धित पक्षहरु अझै गम्भीर भएर लाग्नु पर्ने देखिन्छ ।

### २.१.२. नेपाल सरकारको मातृभाषा शिक्षा सम्बन्धी बैधानिक प्रावधान

निम्नअनुसारको राष्ट्रिय प्रावधानहरुमा आफ्नो प्रतिबद्धता जनाएको पाइन्छ :

१. राष्ट्रिय प्रावधानहरु

(क) नेपालको अन्तरिम संविधान, २०६३ : नेपाल अधिराज्यको संविधान २०६३ को भाग ३ को मौलिक हकको शिक्षा तथा संस्कृति सम्बन्धी हकमा लेखिएको छ :'प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।' (धारा

१७.१) 'नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।' (धारा १७.३)

(ख) शिक्षा ऐन २०२८ (संशोधनसहित २०६३) मा लेखिएको छ : 'प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ ।' (दफा ७.२ (ख)

(ग) स्थानीय स्वायत शासन ऐन २०५५ र नियमावली २०५६ मा गाविस र नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत शिक्षा तथा खेलकूद सम्बन्धी' दफा र 'भाषा तथा संस्कृति सम्बन्धी' दफामा निम्नानुसारका व्यवस्था गरिएको छ :

i) 'गाउँ विकास क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।' दफा २८ घ (३)

ii) विभिन्न भाषा, धर्म र संस्कृतिको संरक्षण गर्ने, गराउने र तिनीहरुको विकासमा सहयोग गर्ने दफा २८ झ (२)

iii) नगरपालिका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने दफा ९६ घ (३)

iv) नगरपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवम् प्रयोग गर्ने गराउने दफा ९६ ङ (२)

v) जिल्ला विकास क्षेत्रभित्रका पुरातत्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन एवम् प्रयोग गर्ने गराउने दफा १८९ ठ (३)

(घ) राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) को आधारभूत शिक्षाको माध्यम उपर्शीषक लेखिएको छ : 'आधारभूत शिक्षाको माध्यम मातृभाषा हुनेछ । आधारभूत शिक्षाको प्रथम चरण कक्षा (१-३) सम्म सामान्यतया शिक्षाको माध्यम मातृभाषा हुनेछ ।' पृ.२८

(ङ) विद्यालय क्षेत्र सुधार (२०६४) मा मातृभाषा शिक्षणबारे विस्तृत चर्चा गरिएको छ :

i) स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा शिक्षक सङघ, स्थानीय सरोकार समूहहरुले विद्यालयमा प्रयोग गर्नुपर्ने माध्यम भाषाका विषयमा आपसी सहमति अनुसार निर्धारण गर्नेछन् ।

ii) तल्ला कक्षाका अनिवार्य शिक्षण सामग्रीहरु केन्द्रीय सरकारबाट मातृभाषामा उपलब्ध गराइनेछ ।

iii) मातृभाषा वा द्धिभाषिक शिक्षणका लागि सरकारले प्राविधिक, आर्थिक र मानव स्रोतसाधन विकासको जिम्मा लिनेछ ।

iv) विद्यालयले स्थानीय भाषा तथा संस्कृतिको सम्मान गर्दछ र प्रयोग गर्दछ ।

v) स्थानीय सरकारले मातृभाषा शिक्षणका लागि प्राविधिक र आर्थिक स्रोतसाधन उपलब्ध गराइनेछ ।

vi) शिक्षकहरुको तयारी कार्यक्रमलाई आधारभूत शिक्षाको प्रारम्भिक तहका शिक्षकहरुलाई मातृभाषामा प्रयोग गर्न सक्ने गरी सक्षम बनाउने गरी तयार गरिएको थियो ।

vii) स्थानीय रुपमा प्राप्त मानव स्रोतसाधनलाई प्रारम्भिक कक्षाहरुमा मातृभाषामा शिक्षण कार्यमा वृहत्तर रुपमा प्रयोग गरिएको थियो ।

viii) गुम्वा, मदरसा र गुरुकुलमा माध्यम भाषाका रुपमा स्थानीय भाषालाई प्रयोग गरिएको थियो ।

(च) सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५) पनि नेपाल सरकारको महत्वपूर्ण अभिलेख हो । यो कार्ययोजना अझै पनि क्रियाशील छ र यहाँ पनि लेखिएको छ : 'आदिवासी जनजाति र भाषिक अल्पसंख्यक जीवनोपयोगी सीप र संस्कृति अनुरुप मातृभाषाको माध्यममा प्राथमिक तहका सबै विषयहरुको शैक्षिक सामग्री तयार गर्ने र चरणबद्ध रुपमा क्रमैसँग लागू गर्दै जाने (पृ.५५) र थप लेखिएको छ -चार रणनीतिहरु अख्तियार गरिएको थियो :

१. मातृभाषालाई बिषय तथा अध्यापन माध्यमको रुपमा प्रयोग गर्ने ,

२. द्वैभाषिक शिक्षा

३. शिक्षकहरुको नियूक्ति, तालिम तथा पदस्थापना,

४. खतरामा परेका भाषा र संस्कृतिका निम्ति विशेष कार्यक्रम ।

(रणनीतिहरु, मातृभाषामा आदिवासी तथा भाषिक अल्पसंख्यकलाई आधारभूत तथा प्राथमिक शिक्षाको अधिकार सुनिश्चितता, पृ ५५ )

(छ) तीन बर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७ ) ले मातृभाषा तहमा शिक्षा पाउने अधिकारको सुनिश्चितताको लागि कार्यक्रम विस्तार गर्ने भएको छ :

i) राष्ट्रिय सांस्कृतिक नीतिको विकास गरी राष्ट्रकै धरोहरको रुपमा रहेका आदिवासी जनजातिहरुको भाषा, धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिएको थियो । ( आदिवासी जनजाति, रणनीतिहरु, पृ.११७)

ii) बहुभाषिक शिक्षाको प्रवर्द्धन गरिएको थियो । (आदिवासी जनजाति, नीति तथा कार्यनीतिहरु, पृ.११७)

iii) मातृभाषाहरुको माध्यमबाट शिक्षा दिने पद्धतिलाई संस्थागत गर्ने । (आदिवासी, सामाजिक स्थितिसम्बन्धी, पी. १२०)

iv) मातृभाषामा प्राथमिक शिक्षा पाउने अधिकारको सुनिश्चितताको लागि मागको आधारमा कार्यक्रम विस्तार गर्दै लगिनेछ । (शिक्षा तथा खेलकुद, आधारभूत शिक्षा, पृ २६१)

यी सबैले मातृभाषाको संरक्षण र सम्बर्द्धनका साथै मातृभाषाको माध्यमबाट शिक्षा दिने नीति र कार्यक्रमलाई जोड दिएका छन् । उपरोक्त सबै अभिलेखका प्रावधानहरुले मातृभाषी विद्यार्थीहरुको प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

मातृभषामा शिक्षा दिने नीति वा प्रावधानबारे कुनै प्रकारको भ्रमको खेती गर्नु पर्ने छैन । शिक्षा तथा खेलकुद मन्त्रालयसहितले हालै छापेको एक ब्रुसरमा यसलाई थप प्रष्ट पारेको छ :

i) बहुभाषी समाजमा मुख्य भाषा र संस्कृतिमा आधारित एकभाषी शिक्षा प्रणाली प्रयोग गर्नु अरु भाषा तथा संस्कृतिको बेवास्ता गर्नु हो । संसारका अनुभवहरुले मानिसका भाषिक तथा सांस्कृतिक सम्पदालाई अस्वीकार गर्नु र दवाउनु नै विभाजन र सङ्घर्षका प्रमुख कारण भएको देखाएका छन् । बहुभाषी शिक्षाले विविधताको सट्टामा होइन विविधतामै एकता कायम गर्न मद्दत गर्छ ।

ii) विद्यालयमा बालबालिकालाई तिनले नबोल्ने र नबुझ्ने भाषा प्रयोग गर्न बाध्य गर्नु हुँदैन । यसले उनीहरुलाई समाजका उत्पादनशील सदस्य हुन मद्दत गर्दैन बरु त्यसमा बाधा पुऱ्याउँछ ।

iii) बहुभाषी शिक्षाले भाषाहरुको प्रयोगलाई सीमित नगरी बढी भन्दा बढी भाषा प्रयोगगर्न र सिक्न प्रेरित गर्दछ ।

iv) विद्यार्थी, समुदाय राष्ट्रकै सन्दर्भमा हेर्ने हो भने पनि दीर्घकालीन रुपमा मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम कम खर्चिलो हुन्छ र यसले धेरै गुणा बढी प्रतिफल दिन्छ ।

**अन्तर्राष्ट्रिय प्रावधानहरु :**

राष्ट्रिय प्रावधानहरु अन्तर्राष्ट्रिय प्रावधानहरुसँग बाझिनु हुँदैन, बाझिएमा राष्ट्रिय प्रावधान आधिकारिक हुदैन । यसैकारणले तीन बर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/०६७) ले ती प्रावधानहरु प्रभावकारी रुपले लागू गर्ने प्रतिबद्धता जाहेर गरेको छ । सो अन्तरिम योजनामा मानव अधिकार, मातृभाषा र शिक्षाका सम्बन्धमा लिएका प्रमुख नीतिहरु निम्नानुसार रहेको पाइयो ।

i) मानव अधिकार लगायतका नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा लागू गरिएको थियो । (पृ.३१)

ii) शिक्षा, स्वास्थय तथा रोजगारीलाई अधिकारमा आधारित विकास कार्यक्रमका रुपमा अघि बढाइनेछ । (पृ.३०)

iii) धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका सबै प्रकारका भेदभावहरुलाई पूर्ण रुपमा समाप्त गरिएको थियो । सबै जाति र जनजातिका भाषा तथा संस्कृतिको संरक्षण-सम्वर्द्धन एवम् विकासका लागि विशेष व्यवस्था गरिएको थियो । (पृ.३१)

अन्तर्राष्ट्रिय घोषणा तथा महासन्धिहरुका प्रावधानहरुलाई पैभावकारी रुपमा लागू गरिने वचनबद्धता राष्ट्रिय योजना आयोगले गरेको हुनाले मातृभाषा र शिक्षा सम्बन्धी ती घोषणाका प्रावधानहरु पनि हेर्न आवश्यक छ र यहाँ मूलत : आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९, बालअधिकार सम्बन्धी अनुबन्ध आदिलाई हेरियो ।

(क) आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणपत्र (२००७) मा नेपाल सरकारले हस्ताक्षर गरेको छ र यसमा उल्लेखित भाषा र शिक्षा सम्बन्धी निम्न धाराहरु निकै महत्वपूर्ण छन् : आदिवासीहरुलाई भविष्यका सन्तानहरुका लागि आ- आफ्ना इतिहासहरु, मातृभाषाहरु, मौखिक परम्पराहरु, दर्शनहरु, आलेखन प्रणालिहरु र साहितयहरुलाई पुर्नजीवन्त गर्न, प्रयोग गर्न, विकास गर्न तथा प्रसारण गर्न र उनीहरुका आ-आफ्ना समुदाय, स्थान र व्यक्तिका नामहरु राख्ने निरन्तर कायम राख्ने  अधिकार छ । (धारा १३.१) आदिवासीहरुलाई आ-आफ्नै मातृभाषाहरुमा आ-आफ्नै सांस्कृतिक तौरतरिकाबाट सिक्ने र सिकाउने, आ-आफ्ना शैक्षिक र संस्थाहरुको स्थापना गर्ने र नियन्त्रण गर्ने अधिकार छ । ( धारा १४.१)

ख) अन्तराष्ट्रिय श्रम संगठन महासन्धि संख्या १६९ विधायक-संसदले पारित गरेको छ । यसमा निम्नानुसारको व्यवस्था गरिएको छ : आदिवासी जनताका लागि उनीहरुकै विशेष अवाश्यकतालाई सम्बोधन गर्न उनीहरुकै सहयोगमा शैक्षिक कार्यक्रम र सेवाहरु विकसित एवम् कार्यान्वित गरिएको थियो र यसका साथै उनीहरुका इतिहासहरु, ज्ञान र प्रविधिहरु, उनीहरुका मूल्य प्रणालीहरु र उनीहरुका सामाजिक, आर्थिक र साँस्कृतिक आकाङ्क्षाहरुलाई पनि समावेश गरिएको थियो । उनीहरु आफूलाई सोझै प्रभाव पार्ने राष्ट्रिय  र क्षेत्रीय विकासका लागि योजना तथा कार्यक्रमहरु निर्माण गर्न, कार्यान्वयन गर्न र मूल्याङ्कन गर्न सहभागी हुनेछन् । ( धारा २७.१)

आदिवासी समुदायका मातृभाषाहरुको विकास र अभ्यासलाई संरक्षण र सम्वर्द्धन गर्ने उचित व्यवस्था मिलाइनेछ । ( धारा २८.३)

आदिवासी समुदायका मातृभाषाहरुको विकास र अभ्यासलाई संरक्षण र सम्वर्द्धन गर्ने उचित व्यवस्था मिलाइनेछ । (धारा २८.३)

(ग) बालअधिकार सम्बन्धी अनुबन्ध (१९८९) मा नेपालले हस्ताक्षर गरेको छ र यसमा अनुवन्धमा निम्नानुसारको प्रावधान रहेको पाइयो : जाति, धर्म वा भाषिक अल्पसङ्ख्यकहरु वा आदिवासी मूलका मानिसहरु बसोबास रहदै आएको राज्यमा त्यस्ता अल्पसङ्ख्यकहरु वा आदिवासी बालबालिकाहरुलाई आफ्नै समुदायका अन्य सदस्यहरुसँग सामूहिक रुपमा आफ्नो संस्कृति अपनाउने, धर्मको पालना गर्ने र प्रयोग गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गर्न पाइने छैन । (धारा ३०,बालअधिकार सम्बन्धी अनुबन्ध, १९८९)

(घ) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्धको धारा २७ मा लेखेको छ : जुन राज्यमा जातीय, धार्मिक वा भाषिक अल्पसंख्यकहरु छन् त्यस्ता अल्पसंख्यकहरुलाई उनिहरुको समूहका अरु सदस्यहरुसहित समुदायगत रुपमा उनीहरुका आफ्नो संस्कृतिको उपभोग गर्न आफ्नो धार्मिक व्यवहार अपनाउन र आफ्नो भाषा प्रयोग गर्ने अधिकारको उपेक्षा गरिनु हुन्न ।

(ङ.) अल्पसङ्ख्यकहरुको अधिकारसम्बन्धी घोषणापत्रको उपधारा १ (१) मा भनिएको छ : राज्यहरु द्धारा आ-आफ्नो अधिकार क्षेत्रभित्रका अल्पसंख्यकहरुको अस्तित्व र उनीहरुको राष्ट्रिय वा जातीय, साँस्कृतिक, धार्मिक र भाषिक पहिचानको रक्षा गरिनु पर्दछ । साथै यस किसिमका पहिचानको अभिवृद्धिका लागि अभिप्रेरित गरिनु पर्दछ । यसैको उपधारा २ मा भनिएको छ - राज्यद्धारा उपरोक्त उद्देश्य प्राप्तिको लागि सुहाउँदो कानुनी प्रावधान अवलम्बन गरिनु पर्दछ ।

(च.) मानव अधिकारको अन्तराष्ट्रिय घोषणापत्र (२०४८) मा प्रष्ट शब्दमा भनिएको छ : जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य राष्ट्रिय वा सामाजिक उत्पति, सम्पति वा अरु कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । राष्ट्रिय प्रावधानहरु अन्तराष्ट्रिय प्रावधानहरुसँग बाझिनु हुँदैन, बाझिएमा अन्तराँष्ट्रिय प्रावधानहरु आनाधिकारिक हुन्छ । यसैकारणले तीन वर्षीय अन्तरिम योजना ( २०६४,०६५-२०६६/६७) ले ती प्रावधानहरु प्रभावकारी ढङ्गले लागू गर्ने प्रतिवद्धता निम्न शब्दमा जाहेर गरेको छ : मानव अधिकारलगायतका नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तराष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा लागू गरिएको थियो ( पृ.३१) । मातृभाषा संरक्षण, सम्वर्द्धन र मातृभाषा शिक्षा सम्बन्धी (१) आदिवासी अधिकार सम्बन्धी संयूक्त राष्ट्र संघीय घोषणापत्र (ई.२००७), (२) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि संख्या १६९, (३) बालअधिकार सम्बन्धी अनुबन्ध (१९८९), (४) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, (५) अल्पसंख्यकहरुको अधिकार सम्बन्धी घोषणापत्र, (६) मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणापत्र (ई. १९४८) आदि अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि, अनुबन्ध आदिमा नेपाल सरकारले हस्ताक्षर गरेको छ । भाषा, संस्कृति र मातृभाषामा शिक्षाको हिसाबले यी सबै प्रावधानहरु महत्वपूर्ण उपलब्धि हुन्

। यति मात्र होइन माथि उल्लेख गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिलेखहरुले मातृभाषामा शिक्षाको माध्यम मात्र होइन पढाइने पाठ्यपुस्तकको विषयवस्तु पनि स्थानीय भाषिक समुदायले नै तय गर्न पाइने अधिकारको सुनिश्चितता गरेको छ ।

## २. विद्यालय क्षेत्र सुधार योजनामा बहुभाषिक शिक्षा

नेपाल सरकार, शिक्षा मन्त्रालयबाट यो विद्यालय क्षेत्र सुधार योजना २००९-२०१५ को पहिलो खण्ड मे १५, २००९ (जेठ १, २०६६ ) मा सार्वजनिक भएको हो । दोस्रो खण्डमा अनुसुची राखिएको छ । विद्यालय शिक्षाको मूल दस्तावेजको रुपमा रहेको यस योजना ८१ पृष्ठको छ र १० अध्यायमा विभाजित छ । पहिलो अध्यायमा यस योजनाबारे परिचय दिइएको छ , दोस्रोमा प्रारम्भिक बालशिक्षा र विकास, तेस्रोमा आधारभूत तथा प्राथमिक शिक्षा र चौथोमा साक्षरता र निरन्तर शिक्षा शीर्षक छन् । यसैगरी प्रावधिक शिक्षा, शिक्षण पेसा विकास, क्षमता विकास, अनुगमन तथा मूल्याङ्कनज, आर्थिक तथा सहयोग व्यवस्थापन र संयोजन शीर्षकमा योजना निर्माण गरिएको छ । प्राय : प्रत्येक अध्यायमा (१) परिचय, (२) लक्ष्य र उद्देश्य, (३) अवसर र चुनौती, (४) नीतिगत दिशा, (५) मुख्य परिणाम, (६) रणनीतिक प्रवेश, (७) लक्षित खर्च, (८) कार्यान्वयन व्यवस्था र (९) कार्यान्वयन तालिका दिइएको छ । यस विद्यालयमा सुधार योजनामा शिक्षाका चार तह स्थापित गरेको छ -(१) प्रारम्भिक बाल शिक्षा (२) आधारभूत शिक्षा (३) माध्यमिक शिक्षा र (४) साक्षरता र निरन्तर शिक्षा । यिनै चार तहको आधारमा यस योजनामा व्यवस्था गरिएका मातृभाषिक शिक्षाका कम्पोनेन्टहरुको खोजी गरिएको थियो

### (क) प्रारम्भिक बालशिक्षा र विकासमा मातृभाषा

प्रारम्भिक बालशिक्षा तहका विद्यार्थीलाई उनीहरुकै मातृभाषामा शिक्षा पाउने अधिकारको सुनिश्चित गर्न योजनामा भनिएको छ । यस तहका बालबालिकाहरुको अधिकार सुनिश्चित गर्न मातृभाषामा शिक्षाको नीति प्रवेश गरेको यो पहिलोपल्ट हो ।

### (ख) आधारभूत शिक्षामा मातृभाषा

सन् २०१५ सम्ममा ७५००० आधारभूत विद्यालयमा बहुभाषिक शिक्षा कार्यक्रम लागू गर्ने योजनमा भनिएको छ ।

### (ग) माध्यमिक शिक्षामा मातृभाषा

माध्यमिक शिक्षामा मातृभाषा मैथिली ऐच्छिक विषयको रुपमा राखिएको छ ।

**(घ) साक्षरता तथा निरन्तर सिकाइमा मातृभाषा**

साक्षरता तथा निरन्तर सिकाइ पनि मातृभाषामा प्रारम्भ गरिने व्यवस्था गरिएको छ । यसै गरी प्रौढहरुको विविध चाहना-भाषा, संस्कृति, सीप र आर्थिक सन्दर्भहरुलाई पनि सम्बोधन गरिने र पाठ्यक्रम विकास केन्द्रको अनुभव र स्रोतसामग्रीको उपयोग गरेर स्थानीय मातृभाषामा सामग्री निर्माण गरिने प्रसङ्ग योजनामा उल्लेख छ । स्थानीय मातृभाषामा साक्षरता कक्षा विस्तार गर्ने योजना राखिएको पाइयो ।

सङ्क्षेपमा यस योजनाले व्यवस्थापन गर्न खोजेका मातृभाषि शिक्षाका कम्पोनेन्टहरु निम्न छन् :

१) मातृभाषाको माध्यमबाट प्रारम्भिक बालशिक्षा, आधारभूत शिक्षा र साक्षरता शिक्षा दिने नीति ।

२) सन् २०१५ सम्ममा ७५०० आधारभूत विद्यालयमा बहुभाषिक शिक्षा कार्यक्रम लागू गर्ने योजना ।

३) विभिन्न मातृभाषामा सिकाइ सामग्री विकास गर्ने योजना ।

४) केन्द्रस्तरमा बहुभाषिक शिक्षाको प्रारुप तयार पार्ने र क्रमश : जिल्ला शिक्षा कार्यालय मार्फत विद्यालयमा लागू गर्ने योजना ।


५) साक्षरता तथा निरन्तर सिकाई शिक्षाका पाठ्यसामग्री स्थानीय मातृभाषामा तयार गर्ने योजना ।

स्थानीय भाषा, संस्कृति, सीप र आयस्रोतका सामग्री आदि समावेश गरी साक्षरता तथानिरन्तर सिकाइका तहका पाठ्यसामग्री तयार गर्ने योजना आदि ।

## २.२. आवधारणात्मक ढाँचा :

सामुदाय विद्यालयमा सञ्चालित मैथिली मातृभाषा (हमर मौथिली पोथी) पाठ्यक्रम कायान्वयनको अवस्थाको अवधाराणत्मक ढाँचामा सामुदायिक विद्यालयमा सञ्चालित मैथिली मातृभाषा पाठ्यक्रम संग संलग्न विभिन्न पक्षहरु समेटिएको छ ।

मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयनको अवस्था




## २.३. पुनरावलोकनको उपादेयता

मातृभाषा मैथिली पाठयक्रम कार्यान्वयनको अवस्था शोधसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकनले अध्ययनलाई निश्चित ढाँचामा लैजान मद्यत गरी सही बाटोमा हिडाउन सहयोग पुऱ्याएको छ । अध्ययनलाइृ विषयान्तर हुनबाट जोगाइ विषयवस्तुमा केन्द्रित गराएको छ । यस अध्ययन सम्बन्धमा देखा परेका अन्तर सम्बन्धको पहिचान गर्न पनि सघाउ पुऱ्याएको छ। शोधलाई सैद्धान्तिक विचलन हुने समस्याबाट जोगाएको छ । मैथिली मातृभाषा पाठयक्रम कार्यान्वयनका समस्या र समाधान उपायको खोजीमा थप टेवा पुऱ्याएको छ। अध्ययनलाई विश्वसनीय र वैद्यता प्रदान गर्न ठोस प्रमाण र आधार प्रदान गरेको छ। यसका साथै सम्बन्धितमा भएका रिक्तताहरु पत्ता लगाई तिनको बारेमा अध्ययन गरी यस अध्ययनलाई उद्देशयपरक, व्यवस्थित र संगठित रुपमा सम्पन्न गर्न र निषकर्षमा पुगन सम्बन्धित साहित्यको पुनरावलोकनले मद्दत पुऱ्याएको छ।

# परिच्छेद -तीन

# अध्ययन विधि

शोधपत्रलाई उदेश्यमुलक बनाउनको लागि सुस्पष्ट अनुसन्धान विधिको आवश्यता पर्ने भएकोले अनुसन्धान विधिको विवरण सबैभन्दा महत्वपूर्ण मानिन्छ । अनुसन्धानलाई कसरी कुन विधि प्रयोग गरी सम्पन्न गर्ने भन्ने कुरा अध्ययन कर्ताले बुझ्ेर योजना बनाएर अगाडि बढ्न सके निश्कर्षमा पुग्न सकिन्छ । अनुसन्धान एक औपचारिक एवं व्यवस्थित कार्य भएकाले यस विषय सगं सम्वन्धीत खास विधिहरुको उपयोग गर्नु सान्दर्भिक मानिन्छ । प्रस्तुत शोधकार्यमा निम्न लिखित अध्ययन विधि अवलम्वन गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचाले अध्ययनको लागि उपयुक्त कार्यविधि प्रदान गर्दछ । जसको आधारमा अनुसन्धान गर्नको लागि निश्चित खाका प्रदान गर्दछ । प्रस्तत‍ु अध्ययन कार्यमूलक अनुसन्धान ढाँचामा आधारित भई सञ्चालन गरिएको थियो ।

## ३.२ अध्ययन क्षेत्र र जनसंख्या छनौट

यस शोधपत्र अनुसन्धानको लागि नेपालको मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत जनकपुर अञ्चलमा अवस्थित धनुषा जिल्लालाई छनौट गरिएको छ । यस अध्ययनको लागि सुविधाजनक उदेश्यात्मक/ नमुना छनोट विधि प्रयोग गरिएको छ । धनुषा जिल्लामा सञ्चालित मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयन प्रकृयाको अध्ययन गर्न स्रोतकेन्द्र बेल्ही र कुमरौरा अन्तर्गतका मातृभाषा मैथिली सञ्चालन गरिएको ५ ओटा सामुदायिक विद्यालयका १/१ जना मैथिली मातृभाषा अध्यापन गराउने शिक्षक , प्र.अ., अभिभावक र प्रत्येक विद्यालयबाट ५/५ जना विधार्थी र विशेष गरेर मैथिली भाषा पाठ्यक्रम निमार्ण र अनुसन्धान कार्यमा विशेष दखल राख्ने ५ जना विषय विशेषज्ञहरु छानिएको थियो ।

### ३.२.१ नमूना छनौट

कुनै अध्ययन अनुसन्धान गर्दा आवश्यक पर्ने सूचनाले विश्लेषण र व्याख्या गर्नको लागि नमुनाको आवश्यकता पर्दछ । यस अध्ययनको क्षेत्र धनुषा जिल्ला अन्तर्गत पर्ने बेल्ही स्रोत केन्द्र र कुमरौरा

स्रोत केन्द्र अर्न्तगतका मैथिली मातृभाषा लागु भएका शहरी क्षेत्रका दुई र ग्रमिण क्षेत्रका तीन गरी ५ वटा सामुदायिक विद्यालय उदेशात्मक नमुना छनौट विधिका आधारमा छानिएको थियो ।

### ३.२.२. विद्यालयको छनौट :

यस अध्ययनको लागि जिल्ला शिक्षा कार्यालय धनुषाबाट प्राप्त सुचनाको आधारमा बेल्ही र कुमरौरा स्रोत केन्द्रका विद्यालय मध्ये ५ वटा विद्यालयमा मातृभाषा पाठ्यक्रम कार्यान्वयन अवस्था के-कस्तो छ? पाठ्यपुस्तक तथा शिक्षण सामग्रीहरु कस्ता छन् ? शिक्षक तालिम तथा विद्यालयमा उपलब्ध श्रोतहरु कस्ता छन् ? आदि कुराको जानकारी लिनका लागि विद्यालय छनोट गरिएको थियो ।

### ३.२.३ शिक्षकको छनौट :

यस शोधपत्र अनुसन्धानको लागि मैथिली मातृभाषा अध्यापन गराउने शिक्षकलाई छनौट गरिएको थियो ।

### ३.२.४. प्र.अ.को छानौट :

यस शोध पत्र अनुसधानको लागि मैथिली मातृभाषा लागू भएका र छनौटमा परेका विद्यालयका प्र.अ. लाई छनौट गरिएको थियो ।

### ३.२. ५ अभिभावकको छनौट :

यस शोध पत्र अनुसन्धानको लागि छनौटमा परेका विद्यालयमा अध्ययनरत रोल नं. १ भएका विद्यार्थीका १-१ जना गरी ५ जना अभिभावकलाई छनौट गरिएको थियो ।

### ३.२.६. विद्यार्थी छनौट :

मैथिली मातृभाषा पाठ्यक्रममा कार्यान्वयनको अवस्था पत्तालगाउन मैथिली मातृभाषा पाठ्यक्रम सञ्चालन गरेको धनुषा जिल्लाको बेल्ही स्रोत केन्द्र र कुमरौरा स्रोत केन्द्रका ५ वटा छनौटमा परेका विद्यालयका विद्यार्थीको मनोभावना , आकांक्षा बुझ्ने र उक्त मैथिली मातृभाषा पाठ्यक्रमको कार्यान्वयन सम्वन्धी जानकारी लिन उदेश्य उन्मूख नमुना छनोट विधिको आधारमा कक्षा समूह छलफलका लागि प्रत्येक विद्यालयवाट ५/५ जना विद्यार्थी छनौट गरिएको थियो ।

### ३.२.७ विषय विज्ञको छनौट

प्रकृया सम्वन्धी जानकारी प्राप्त गर्न मैथिली भाषा, साहित्य तथा पाठ्यक्रमको निमार्णको क्षेत्रमा लामो समय सम्म कार्य गरेका विषय विज्ञहरु छनौट गरिएको थियो । यसको लागि १ जना पाठ्यक्रम निमार्णकर्ता तथा दूई जना भाषा विज्ञ र २ जना मैथिली भाषा पाठ्यपुस्तक लेखक छनौट गरिएको थियो । अनुसन्धान कर्ता स्वयं पनि मैथिली भाषा विषय विज्ञ भएकोले यस कार्यमा सहज भएको हो ।

### ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरु

### ३.३.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क नमुना छनोट गरिएका विद्यालयहरुमा मैथिली मात्तृभाषा शिक्षण गर्ने १/१ जाना शिक्षक, अभिभावक उक्त: विद्यालयका प्र.अ. र विद्यार्थीहरुवाट खुल्ला प्रश्नावली, प्रत्यक्ष अवलोकन, अन्तर्वाता आदिवाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो । यसको लागि खूल्ला असंरक्षित प्रश्नावली निर्माण गरी विद्यालयका प्र.अ. कक्षा शिक्षक र विद्यार्थीहरुलाई प्रत्यक्ष रुपमा भेटी खूल्ला प्रश्नावलीको माध्यमद्वारा अन्तर्वाता सञ्चालन गरी प्राथमिक तथ्याङ्कलाई प्रयोगमा ल्याएको थियो ।

### ३.३.२ सहायक तथ्याङ्क

अध्ययनको क्रममा विभिन्न लिखित दस्तावेजहरु, रेकर्ड, फाइलहरु, रुजुसुची, शिक्षक निर्देशीकाहरु तथा मातृभाषा मैथिली सँग सम्बन्धीत प्रकाशित एवम् अप्रकाशित लेखकहरु, विभिन्न अध्ययन अनुसन्धानका पुस्तक, पत्रपत्रिकावाट प्राप्त जानकारीलाई सहायक तथ्याङ्को, रुपमा लिएको थियो ।

## ३.४ अनुसन्धानका साधनहरुको निमार्ण

यस शोधपत्र अनुसन्धानको उदेश्य पूरा गर्नको लागि आवश्यक सूचना संकलन गर्न तल उल्लेखित साधनहरु निमार्ण गरिएको थियो ।

## ३.४.१ खुल्ला प्रश्नावली

यस शोधपत्र अनुसन्धानमा आवश्यक तथ्याङक संकलन गर्नको लागि विज्ञहरु, प्र.अ., अभिभावक तथा विषय शिक्षकको धारणा थाहा पाउन खुल्ला प्रश्नावली प्रयोग गरिएको थियो । जसवाट मैथिली मातृभाषा पाठ्यक्रमले जोड दिन खोजेको पक्ष पहिचान हुनुका अतिरिक्त पाठ्यपुस्तकको उपयोगिता

साथै अध्ययनको सान्दर्भिकता,औचित्य तथा मातृभाषा शिक्षा र यसको प्रभावकारिता सगं सम्वन्धित पक्षहरुमा सूचना प्राप्त गरिएको थियो ।

## ३.४.२ लक्षित समूह छलफल

यस अनुसन्धानमा छनौट गरिएको क्षेत्रका विद्यार्थीहरु सगँ लक्षित समूह छलफल गरी सूचना संकलन गरिएको थियो । जसका मुख्य विषयहरुमा शैक्षिक सामग्रीको प्रयोग, अवस्था, शिक्षकको प्रस्तुती, कक्षाकोठाको अवस्था, पाठ्यपुस्तको उपलब्धता आदि रहेका छन् ।

## ३.५. अवलोकन निर्देशिका

यस शोधपत्र अनुसन्धानको लागि मैथिली मातृभाषा पाठयकम कार्यावन्यनको अवस्था पतालगाउन छनौटमा परेका विद्यालयको कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन बाट शिक्षकले गर्ने कक्षा प्रस्तुति, सामग्री प्रयोग आदि जस्ता पक्षहरुमा ध्यान दिई अवलोकन निर्देशिका तयार गरिएको थियो ।

## ३.६. साधनहरुको विश्वसनीयता र वैधता :

सूचना संकलनको साधनको निमार्ण गरिसकेपछि आफना सहपाठी साथीहरु वीच आपसी छलफल गरेर तथा शोध निर्देशक ज्यू सँग प्रमुख रुपमा छलफल गरी उहाँहरुको सुझाव अनुसार संशोधन गरी साधनहरुको मस्यौदालाई शोध निर्देशकलाई देखाएको थियो ।

## ३.७. सूचना संकलन प्रकृया :

सूचना संकलन प्रक्रिया निम्नानुसार छन् ।

सर्वप्रथम विभागको पत्रको माध्यमवाट छनौटमा परेका विद्यालयको प्रशासनमा वुझाएको थियो ।

प्र.अ. तथा विद्यालय प्रशासन संगको आफ्नो अनुसन्धानका लागि समय र अनुमति मागिएको थियो ।

विद्यालय प्रशासनको अनुमति अनुसार विद्यालय का विषय शिक्षकलाई प्रश्नावली भराइएको थियो ।

छनौटमा परेका विषय विज्ञहरुलाई टेलिफोन सम्पर्क गरी तथा इमेल मार्फत प्रश्नावली पठाएर इमेलवाट नै सूचन संकलन गरिएको थियो ।

### ३.८. सूचनाको विश्लेषण प्रकृया :

यस शोधपत्रमा अध्ययन क्षेत्रवाट प्राप्त गरेका सूचनाहरुलाई सही तरिकाले प्रस्तुत गर्न, सम्पादन गर्न र विश्लेषण गर्नको लागि सम्वन्धीत क्षेत्रवाट आएको सूचनाको आधारमा हरेक कुराहरुलाई ध्यान दिएर शोध निर्देशकको सल्लाह बमोजिम आवश्यकता परेको शिर्षक उपशीर्षक राखी परिच्छेद चारमा व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद-चार

## तथ्याङ्कको बिश्लेषण तथा व्याख्या

यस परिच्छेदमा अनुसन्धानको क्रममा संकलन गरिएका सुचनाहरुलाई विश्लेषण र व्याख्या गरिएको छ । यस अनुसन्धानको उद्देश्य अनुसार प्रश्नावली लक्षित समूह छलफल र कक्षा अवलोकन निर्देशिका जस्ता साधनहरुको प्रयोग गरी उद्देश्य अनुसार विश्लेषण र व्याख्या गरिएको छ । अनुसन्धानको क्रममा मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयनसंग सम्बन्धित सरोकारवालाको भुमिका कस्तो छ ? शिक्षक तथा शिक्षक तालिमको अवस्था कस्तो छ ? शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगको अवस्था कस्तो छ ? शिक्षकको कार्यव्यवस्थापन, कक्षा शिक्षण मुल्याङ्कन प्रणाली, पाठ्यक्रम तथा समस्याहरु के के छन ? विद्यालयमा विद्यमान भौतिक र प्रशासनिक स्रोतको अवस्था कस्तो छ ? शिक्षक दरबन्दी छ कि छैन ? भनि अनुसन्धान गर्नको लागि प्राप्त तथ्याङकलाई व्याख्या र विश्लेषण गर्न हाल शिक्षा ऐन २०२८ शिक्षा नियमावली, २०५९, शिक्षक सेवा आयोग नियमावली, २०५७ ले तय गरेका न्यूनतम प्रावधानहरु लाई आधार मानी स्थलगत सर्वेक्षणहरुबाट प्राप्त तथ्याङकको प्रकृति (गुणात्मक वा परिमाणात्मक) अनुसार गुणात्मक तथ्याङकलाई पुष्टि गर्ने परिमाणात्मक तथ्याङकलाई उपयोग गरिएको छ ।

### ४.१ मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक न्यूनतम भौतिक, प्रशासनिक र शैक्षिक पूर्वाधारहरु

मैथिली मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा विद्यालयका भौतिक, प्रशासनिक र शैक्षिक पूर्वाधारले महत्वपुर्ण भुमिका खेल्दछ । यस कारण यी पूर्वाधारका लागि शिक्षा ऐन २०२८, शिक्षा नियामवली २०५९ ले तोके अनुसार विद्यालयहरुले शर्त पूरा गरेको छन वा छैनन् ? र सोहि अनुसार संचालन भएका छन् भन्ने तथ्यलाई तलको आधारमा क्रमश :ऐन/नियमावलीलाई आधार बनाइ तथ्याङकहरुको व्याख्यालाई पुष्टि गर्न परिमाणात्मक तथ्याङकलाई उपयोग गरिएको छ ।

#### ४.१.१ पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधारहरु

भौतिक स्रोतहरुले शिक्षण सिकाइ प्रक्रियामा महत्वपुर्ण भूमिका निर्वाह गर्दछन । विद्यालयमा जति बढी भौतिक स्रोत तथा साधनहरु हुन्छन त्यति त्यस विद्यालयको सिकाइ प्रक्रिया सहज र प्रभावकारी

हुन्छ । शिक्षा नियमावली २०५९ को नियम ४ (क) संग सम्बन्धित विद्यालय खोल्नका लागि चाहिने पूर्वाधारहरु उपशिर्षकमा कक्षाकोठाहरु समान्यत : ९ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने कक्षागत क्षेत्रफल प्रति विद्यार्थी ०.७५ वर्ग मीटर भन्दा वढी र १.०० हुनुपर्ने कक्षा कोठामा हावाको, प्रकाशको व्यवस्था, विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था, खानेपानीको प्रबन्ध, छात्रछात्राको लागि अलग अलग शौचालय, पचास जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट तथा पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको एक विद्यार्थी बराबर दुईप्रतिको दरले पुस्तक उपलब्ध भएको पुस्तकालय खेल मैदान, शैक्षिक सामग्रीहरु कालोपाटी, नक्सा, ग्लोब तथा विज्ञान सामाग्री हुनु पर्छ भन्ने उल्लेख गरिएको छ । त्यसैले यी माथिका आधारमा यस अनुसन्धानको क्रममा छनौटमा परेका ५ ओटा विद्यालयका विषय शिक्षक तथा अवलोकन सर्वेक्षणहरुबाट विद्यालयमा उपलब्ध भौतिक स्रोतका सम्वन्धमा छलफल गर्दा उनीहरुबाट प्राप्त प्रक्रिया निम्नानुसार पाइयो ।

श्री कण्टीर झा नमुना उ. मा. वि. बभनगामा मा मातृभाषा लगायत अन्य जुनसुकै विषयका लागि आवश्यक भौतिक स्रोतहरु रहेको पाइयो । यसमा बालवालिकाहरु खेल्नका लागि खेल मैदान, छात्र र छात्राको लागि छुटै शौचलाय, विज्ञान प्रयोगशाला, प्रयाप्त डेक्स, वेन्च सबैतिर एकै नास उज्यालो पर्ने कक्षा कोठा, कालोपाटि स्थानीय रुपमा निर्मित थोरै शैक्षिक सामग्रीहरु रहेको पाइयो । नि.मा.वि. मानसिह पट्टीमा भौतिक सुविधामा केहि कमजोर रहेको पाइयो कक्षा कोठा र डेक्स बेञ्चको सहि व्यवस्थापन नभएको, कालोपाटीमा चकले लेख्दा धुलो उडने तथा शौचालय पनि सही रुपमा व्यवास्थित नभएको पाइयो त्यसैगरि श्री लक्ष्मीनिया मा. वि.कुमहरौरा स्रोत केन्द्र समेत भएको विद्यालयमा भौतिक स्रोतहरु राम्रो रहेको पाइयो । यसमा बालवालिकाहरु खेल्नका लागि प्रयाप्त खेल मैदान, छात्र र छात्राको लागि छुटा छुटै शौचालय, विज्ञान प्रयोगशाला, खानेपानीको राम्रो व्यवस्था प्रयाप्त फर्निचर को व्यवस्था भए पनि शैक्षिक समाग्री प्रयाप्त नभएको पाइयो त्यसै गरी विलट साह सर्वोदय मा.वि. सिनरजोरामा प्राप्त खेल मैदान, डेक्स, वेन्च, छात्र छात्राका लागि छुट्टा छुट्टै सौचालय, खानेपानीको राम्रो व्यवस्था भएको तर शैक्षिक सामाग्री प्रयाप्त नभएको पाइयो । जसलाई अनुसुची ११ मा देखाएको छ । यसवाट के कुराको पृष्टि हुन्छ भने छनौटमा परेका विद्यालयहरुमा विद्यमान भौतिक साधन र स्रोतहरु आवश्यकता अनुरुप भए पनि शिक्षा नियमावली , २०५९ बमोजिम विश्लेषन गर्दा विद्यालयहरु भौतिक रुपमा सवल छन् । तथापी मैथिली मातृभाषा शिक्षणको लागि

भनेर त्यसतो छुट्टै भैतिक र श्रोत र साधन निर्माण गरिएको छैन ।  मातृभाषा अध्यापन कार्य पनि विद्यालयमा विद्यमान भौतिक श्रोत र साधनमा नै निर्भर रहेको देखिन्छ ।

### ४.१.२. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रशासनिक पूर्वाधारहरुको अवस्था

शिक्षा नियमावली २०५९ को परिच्छेद दुई अन्तर्गत विद्यालय खोल्ने तथा स्वीकृति सम्बन्धि व्यवस्था ४ नम्वरमा उल्लेखित प्रावधान अनुसार सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा समान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा समान्यतया प्रति कक्षा २२ न्यूनतम र अधिकतम ४४ र औसत ३३ जना विधार्थी हुनुपर्दछ । तराइ क्षेत्रमा ५० जना, पहाडी क्षेत्रमा ४४ जना र हिमाली क्षेत्रमा ४० जना हुनुपर्दछ । त्यसै गरि माध्यमिक तहको लागि ५ जना, नि. मा. वि को लागि ४ जना, प्रथामिक १-३ को लागि ३ जना तथा १-५ को लागि ५ जना, पुर्व प्राथामिक तहको लागि २ जना र संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१:४ हुनुपर्नेछ । त्यसैगरी विद्यालयको स्थाइ आयस्रोत हुनुपर्ने, उपचार सामाग्रीको व्यवस्था हुनुपर्ने, परीक्षा सञ्चालन र नियन्त्रण सम्बन्धी स्थानिय स्रोत केन्द्रले व्यवस्था गरे अनुसार सञ्चालन हुनुपर्ने, पूर्व प्राथामिक तहको लागि छुट्टै व्यवस्था गर्नुपर्ने, स्थानिय समुदाय संग सुमधुर सम्बन्ध कायम रहनुपर्ने, विद्यालयमा कार्यरत शिक्षकहरुको लागि आचार संहिता वा नीति नियम हुनुपर्ने भनी व्यवस्था गरेको पाइन्छ ।

यस अध्ययन तथा अनुसन्धानलाई सम्पन्न गर्न छनौटमा परेका विद्यालयमा मैथिली मातृभाषा कार्यक्रम सञ्चालनका लागि शिक्षकहरुको व्यवस्था कस्तो छ ? विद्यालयमा विद्यमान प्रशासनिक अवस्था कस्तो छ ? भनि विज्ञ तथा सम्बन्धीत सरोकारवाला शिक्षकहरुलाई प्रश्न गर्दा उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार पाइयो ।

अध्ययनमा विषय शिक्षकवाट प्राप्त तथ्याङक अनुसार माथि शिक्षा नियमावली मा उल्लेखित प्रावधान अनुसार विद्यार्थी संख्या ५ वटै विद्यालयमा उल्लेखनिय रहेको पाइयो । यसै गरी शिक्षकको व्यवस्था र छनौट भने समान्य रुपमा निर्धारित मापदण्ड अनुसार गरेको देखिन्छ । तर सरकारी अनुदान वाहेक ५ वटै विद्यालयहरुको आयस्रोत नभएको  अध्ययनवाट प्राप्त निश्कर्षले देखिन्छ । त्यसै गरी शिक्षक तथा प्र. अ. हरुले  विद्यालयहरुको आचार संहिता पालना गरेको, समयमै कोर्ष पूरा गरेको विद्यालयमा महिला शिक्षिकाको व्यवस्था भएको समयमै परीक्षा सञ्चालन गरेको र समुदायसंग सुमधुर सम्वन्ध कायम गरेको देखिन्छ । त्यसैगरी अवलोकन फारामबाट प्राप्त तथ्याङक अनुसार ५ वटै विद्यालयमा

पुस्तकालय प्रबन्ध भएपनि पाठ्यपुस्तकको अभाव रहेको, शैक्षिक सामाग्रीको व्यवस्थापन सही र नियमित नभएको, शिक्षक निर्मित र विद्यार्थी निर्मित सामाग्रीको व्यवस्थापन सही ढंगवाट नभएको देखिन्छ। जसलाई अनुसुची-१२ मा देखाइएको छ।

उनीहरुका अनुसार मातृभाषा कार्यक्रम सञ्चालन गर्ने भनि शिक्षा ऐन/नियमावलीमा व्यवस्था भएपनि हाल सम्म मातृभाषामा अध्यापन गराउने शिक्षकहरुको दरबन्दी छैन। हाल नियूक्त भएका शिक्षकहरु पनि मातृभाषा विषय शिक्षक नियूक्त भएका छैन्। स्थानिय स्तरबाट विद्यालयवाट नियूक्त भएका शिक्षकहरुलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु गा.वि.स., जि.वि.स. तथा विद्यालयको आफ्नौ निजी स्रोतबाट थोरै तलवभत्ता उपलवध गराइएको छ जुन अन्य शिक्षकहरुको तुलनामा अत्यन्तै कम रहेको छ। यसवाट के प्रष्ट हुन्छ भने मातृभाषा अध्यापन गराउने शिक्षकहरुको लागि छुटै दरबन्दीको व्यवस्था छैन। नीजि स्रोतवाट नियूक्त भएका शिक्षकहरु थोरै तलवभत्तामा कार्य गरिरहेको छन त्यसैले आवश्यक दरबन्दीको व्यवस्था आवश्यक देखिन्छ।

### ४.१.३. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शैक्षिक पूर्वाधारहरुको अवस्था

भौतिक तथा प्रशासनिक पूर्वाधारहरुको जति महत्व हुन्छ। त्यति नै महत्व शैक्षिक पक्षको पनि हुन्छ। शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५९ को दफा सात र आठमा उल्लेखित प्रावधान अनुसार विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा हुनसक्नेछ। त्यसै गरी सात ‘क’ मा प्राथमिक तह सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ भनी उल्लेख छ। विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यक्रम पुस्तक लागु गर्नु पर्दछ। त्यसैगरी शैक्षिक सामग्री तथा पाठ्यसामग्री को सम्बन्धमा पनि व्यवस्था गरेको छ। शिक्षा नियमवाली २०५९, को परिच्छेद सातमा उल्लेख भए अनुसार पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी व्यवस्था, परिच्छेद आठ मा परीक्षा सञ्चालन र नियन्त्रण सम्बन्धी व्यवस्था तथा परिच्छेद नौ मा औपचारिक शिक्षा सम्बन्धी व्यवस्था, परिच्छेद एघार अन्तर्गत विशेष शिक्षा सम्बन्धी व्यवस्था, परिच्छेद चौध अन्तर्गत अतिरिक्त क्रियाकलाप तथा पन्ध्रको विधार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्थालाई लिन सकिन्छ।

यस अध्ययनको क्रममा छनौटमा परेको विद्यालयमा त्यहाँको शैक्षिक पूर्वाधारको अवस्था पतालगाउन शिक्षक तथा विषय विज्ञहरु बाट प्राप्त जानकारी अनुसार छनौटमा परेका सबै विद्यालयहरुले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गरेको पाइयो । यसका साथै पाठ्यपुस्तक जिल्ला शिक्षा कार्यालय बाट समयमा विद्यालयबाट पुग्न नसकेको तथ्य पता लगाइयो । यसै गरी निरीक्षण तथा अनुगमन प्रकृया प्रभावकरी नभएको, परीक्षा सञ्चालन र नियन्त्रण सम्वन्धी ऐनमा व्यवस्था भए अनुसार नै सञ्चालन भएको पाइयो । विशेष शिक्षा सम्वन्धी ऐनमा व्यवस्था भए पनि कुनै पनि विद्यालयले संचालन नगरेको पाइयो । त्यसै गरी विद्यार्थीहरु, संगको छलफलबाट प्राप्त निश्कर्ष अनुसार अतिरिक्त क्रियाकलाप पनि समय समयमा संचालन हुने गरेको विद्यार्थी भर्ना र कक्षा चढाउने व्यवस्था छनौटमा परेका सबै विद्यालयमा प्रभावकारी भएको पाइयो । मैथिली मातृभाषा को हकमा माथि उल्लेखित प्रावधानहरु सबै लागु गरेको त्यसमा पनि शिशु विकास कक्षा उत्कृष्ठ रहेको पाइयो । तर मैथिली मातृभाषाका पाठ्यपुस्तकहरु समय मै विद्यालयमा नपुगेको देखिन्छ । जसलाई अनुसुची १३ मा देखाइएको छ ।

## ४.२ मैथिली मातृभाषाको पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पाठ्यपुस्तक, शिक्षण क्रियाकलाप, सामग्री र मूल्याङकन प्रक्रियाको अवस्था

कुनै पनि पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि पाठ्यसामग्री, शिक्षण क्रियाकलाप, शिक्षकको योग्यता र तालिमले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । यस कारण यी पक्षहरुको लागि शिक्षा ऐन २०२८ संशोधित २०५८ र शिक्षा नियमावली २०५९ ले तोके अनुसार विद्यालयहरुले सर्त पूरा गरेका छन् वा छैनन् भन्ने तथ्यलाई पतालगाउन प्राप्त तथ्याङकलाई ऐन/नियमावलीमा उल्लेखित प्रावधानलाई आधार बनाउदै व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१. पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको उपलब्धता

पाठ्यपुस्तक तथा शैक्षिक सामग्री सम्बन्धमा शिक्षा ऐन २०२८ संशोधित २०५८ तथा शिक्षा नियमावली २०५९ अनुसार विद्यालयको पाठ्यक्रम तथा पाठयपुस्तक विद्यालयले लागि गर्नु अघि स्वीकृत गर्नु पर्दछ । त्यसको प्रभावकारी कार्यान्वायनका लागि सामग्रीहरु समयमा नै विद्यालयमा पुग्नु पर्दछ भन्ने कुरा उल्लेखित छ ।यस सोधपत्र अनुसन्धानका लागि छनौटमा परेका विषय विज्ञ तथा ,

अभिभावक विद्यालयमा मातृभाषामा अध्यापन गराउने विषय शिक्षकहरुलाई विभिन्न साधनद्धारा सुचना संकलन गरिएको थियो । साथै अवलोकन फारम तथा विद्यार्थी संग छलफल समेत गरिएको थियो । अध्ययनको क्रममा विषय विज्ञ , अभिभावक , शिक्षकहरु र विद्यार्थीहरुलाई मातृभाषा सम्वन्धी पाठ्यपुस्तक तथा पाठ्यक्रमको उपलब्धता कस्तो छ ? भनी प्रश्न गरिएको थियो उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार छ ।

कुनै पनि पाठयक्रम निमार्ण तथा पाठ्यक्रमको सहज उपलब्धता हुनु पर्दछ । निर्धारित उद्देश्य अनुसारको आशातित प्रतिफल प्राप्त गर्न पाठ्यपुस्तक समयमै उपलब्ध हुनु पर्दछ । विषय विज्ञ तथा विषय शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया अनुसार पाठ्यक्रम अनुसार पाठय पुस्तकका निमार्ण भएपनि विभिन्न कारण ले गर्दा समयमै विद्यालयमा नपुगेको पाइयो । पाठ्यपुस्तकहरु केन्द्रमा छापिएर जिल्लामा पुग्ने तथा अन्य विषयको पाठ्यपुस्तक निःशूल्क उपलब्ध भए पनि मातृभाषाको पाठयपुस्त विद्यार्थी स्वमले किन्नु पर्दछ र ढिलो मात्र विद्यालयमा आइपुग्ने गरे को बताए । यसको लागि सम्बन्धित सरोकारवालाहरु गम्भिर ढंगले नलागेको र साधनको अभाव तथा सम्बन्धीत पक्षको अदुर दर्शिता र महत्वपूर्ण पक्ष रहेको पनि बताए । त्यसै गरि विद्यार्थीहरु संगको छलफलबाट प्राप्त निष्कर्ष अनुसार छनौटमा परेका सबै विद्यालय मा समयमै पाठ्यपुस्तक नपुग्ने गरेको बताए । पाठ्यपुस्तक विद्यालयमा आइपुगे पनि थोरै मात्र आउने गरेको कारण सबै विद्यार्थीहरुले प्राप्त गर्न नसकेको बताए । साथै शैक्षिक सामग्रीहरुको अभाव भएको र उपलब्ध शैक्षिक सामग्री पनि शिक्षणको क्रममा कहिले काहि मात्र प्रयोग गर्ने गरेको पाइयो ।

यसवाट के स्पष्ट हुन्छ भने पाठ्यपुस्तक ढिलो पुग्ने गरेको देखिन्छ । शैक्षिक सामग्रीको सवालमा भने अवस्था अझै दैयनिय देखिन्छ । किनकि पाठ्यक्रम कार्यान्वयन गर्नका लागि कुनै पनि सहायक तथा सन्दर्भ सामग्रीहरुको व्यवस्था नै नरहेको देखिन्छ । पाठ्यसामग्री विनाको सिकाई प्रभावकारी नहुन सक्छ त्यसैले पाठ्यक्रममा उल्लेखित पाठ्यवस्तु अनुसार आफ्नो भाषा, संस्कृति, परम्परा, मूल्यमान्यतालाई उजागर गर्ने किसिमको सामग्री निमार्ण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

## ४.२.२ शिक्षक तथा विद्यार्थी कियाकलाप

यस अनुसन्धानमा शिक्षक तथा विषयविज्ञसँगको अन्तवार्ता कक्षा अवलोकन विद्यार्थी छलफलबाट सूचना प्राप्त भएका थिए । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**शिक्षक**

कक्षामा बालबालिका को भाषामा मैथिली मातृभाषा पढाउदाँ कस्तो अनुभव गर्नु भएको छ ? भनी गरेको कुराकानीमा विद्यार्थीले सजिलै सिकेको, रमाइलो मानेका र सिकेका कुरा व्यवहारमा देखाउने गरेको छ । भन्ने कुराको आधारमा कक्षा अवलोकन गरियो । मैथिली भाषा शिक्षण सम्बन्धित तालिम लिनुभएको छ ? भनी गरिएको प्रश्नका उत्तरमा उहाँले लिएको छैन खुलासा गर्नु भयो । मातृभाषा मा शिक्षण गरिरहदाँ सहजता वा जटिलता के पाउनु भएको छ ? भनी जिज्ञासा राख्दा मातृभाषामा आधारित पाठ्यपुस्तक हमर मैथिली पोथी बालवालिकाको स्तर ,क्षमता र रुची अनुसार रहेकाले पढाउन् सजिलै रहेको तर समयमा  पाठ्यपुस्तक उपलब्ध नहुदाँ समयमा कोर्ष सक्न कठिन हुने गरेको तथा शिक्षणमा समस्या पर्नेगरेका बताउनु भयो । मैथिली भाषामा आधारित विषय अथवा पाठ्यपुस्तक कार्यान्वयन पश्चात जन समुदाय तथा अभिभावकको प्रतिक्रिया कस्तो पाउनु भएको छ ? भनी गरिएको प्रश्नको उत्तरमा अभिभावक मातृभाषा शिक्षण प्रति साकारात्मक रहेको तर प्राथमिक तहमा मात्र होइन क्रमशः मथिल्लो तहसम्म मातृभाषामा पढाइ हुनपर्छ भने खुलस्त पार्नुभयो । स्थानीय भाषा, मैथिली भाषाको गीत,कविता,कथा आदि संकलन र लेखन गर्नुभएको छ ? भनी गरिएको प्रश्नको उत्तरमा उहाँले परम्परागत ,पुरानो कथा गाउँ खाने कथा संकलनगरेको बेलाबेलामा कक्षा विद्यार्थीलाई सुनाउदा रमाइलो मान्ने गरेको प्रतिक्रिया दिनुभयो । निरन्तर मुल्याङ्कन गर्ने गर्नुभएको छ ? भनी जिज्ञासा राख्दा पाठको अन्तमा गर्ने गरेको खुलासा गर्नुभयो । शिक्षण विधि र शैक्षिक सामग्रीको छनोट र प्रयोग कसरी गर्नु भएको छ ? भनी सोधिएको प्रश्नको उत्तरमा शिक्षण विधि तथा शैक्षिक सामग्रीको छनोट सिद्धान्त अनुरुप नै गर्दै आएको स्पष्टोक्ति दिनुभयो । मातृभाषा मैथिली शिक्षणलाई प्रभावकारी कार्यान्वयनका लागि कुन कुन पक्षको के कस्तो सहयोग आवश्यक देख्नु हुन्छ ? भनी जिज्ञासा राख्दा अहिलेको सर्न्दभमा संघियता को कुरा उठिरहेको अवस्थामा आ आफ्नो भाषा ,संस्कृति, पहिचानलाई संरक्षण सर्म्वद्धन गर्न मातृभाषा शिक्षण आवश्यक   रहेकाले यस सगँ सम्वन्द्ध सबै पक्षको चासो र सक्रियताको आवश्यकता रहेको खुलस्त पार्नुभयो ।

कक्षाकोठाको प्रत्यक्ष अवलोकनवाट प्राप्त तथ्याङक निम्ननुसार छ ।

**घटना नं. १**

जब म कक्षाकोठामा प्रवेश गरे त्यस वेला विषय शिक्षकले अध्यापन गराइरहनु भएको थियो । विषय शिक्षकले पाठकको परिचय दिदै व्याख्यान विधिवाट विषयवस्तुलाई प्रस्टाइ रहनु भएको थियो । विद्यार्थीहरु ध्यान लगाएर सुनिरहेको थियो विच विचमा बुझ्यौ ? कि बुझेनौ भनेर सोध्नु भयो विद्यार्थीले वुझे भने जवाब दियो । त्यस पछि विद्यार्थीहरु लाई आ-आफ्नो किताब पल्टाएर पाठ वाचन गर्न लगाउनु भयो । गृहकार्य नदिएको पाइयो ।

ती विद्यालयमा शिक्षकले प्राय जसो पाठ्यपुस्तक लाई आधारमानी पढाइरहेको अवस्था थियो । व्याख्यान विधीको प्रयोग बढी थियो । कक्षा शिक्षणका कृयाकलापलाई अध्ययन गरेर, सहभागी भएर विद्यार्थीले सिक्छन । त्यसकारण शिक्षकले शिक्षणको समयमा गर्ने कृयाकलाप अर्थपूर्ण र व्यवहारिक हुनु पर्दछ । छनौटमा परेका विद्यालयमा विद्यार्थी संगको अन्तरक्रिया कम देखियो भने मूल्याङ्कन पनि अर्थपूर्ण किसिमले सञ्चालन गरेको पाइएन । यसवाट शिक्षकहरुमा मैथिली भाषाको शिक्षण क्रियाकलाप कौशलतामा कमि, तालिमको अभाव तथा नियमित सुधारात्मक मूल्याङकनको कमि भएको देखिन्छ ।

## विद्यार्थी

शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको क्रियाकलापले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । स्वभावैले शिक्षण विद्यार्थी/सिकारु केन्द्रित हुनुपर्दछ । अनिमात्र विद्यार्थीहरुले सिकेको ज्ञान, सीप र अभिवृद्धिलाइ आफ्नो जीवनमा प्रयोगमा ल्याउन सक्छन । विद्यार्थी सहभागिताले सिकाइ चीर स्थाइ, दिगो हुनुका साथै मनोरञ्जनात्मक पनि हुने हुनाले शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागिता महत्वपूर्ण मानिन्छ । यस अनुसन्धानमा विद्यार्थीवाट कक्षा अवलोकन, विद्यार्थी छलफल को आधारमा सुचना प्राप्त भएका थिए । कक्षा अवलोकनको क्रममा श्री कण्टीर झा नमूना उ.मा.वि.मा ५० जना विद्यार्थीहरु थिए भने नि.मा.वि. मानसिहं पट्टीमा ५९ जना त्यसै गरी मोहन मा.वि.मा ४५ जना विलट साह सर्वोदय उ.मा.वि.मा.४० जना र लक्ष्मीनिया ज.उ.मा.वि.मा. ४० जना विद्यार्थीहरु थिए । यी सबै विद्यार्थीहरु मातृभाषा कक्षामा भर्ना भएको अभिलेख अनुसार ७० प्रतिशत उपस्थिती देखिन्छ ।

**घटना-२**

| |
|---|
| कक्षामा म प्रवेश गर्दा कक्षा सञ्चालन भइरहेको थियो । कक्षामा 'हमर मैथिली पोथी' विद्यार्थीहरु लाई पाठ पालै पालो पढन लगाइरहनु भएको थियो । त्यस पछि शिक्षकले व्याख्या गरिरहनु भएको थियो । विद्यार्थी ध्यान दिएर सुनिरहेको थियो । त्यस कक्षामा छलफल, अन्तक्रिया को कमि रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग पनि सन्तोषजनक देखिएन । |

कक्षा अवलोकनमा विद्यार्थीहरुको वीच छलफल को कमि देखिएपनि पालै पालो पाठ पठन लगाउने गृहकार्य तथा कक्षा कार्य पनि गरेको पाइयो । शैक्षिक सामग्रीका प्रयोग पनि सन्तोषजनक देखिएन । छनौटमा परेको विद्यालयको कक्षा अवलोकन गर्दा कक्षा अवलोकनलाई समग्रमा विश्लेषण गर्दा कक्षा व्यवस्थापनमा ध्यान दिइएको पाइएन । पाठको परिचय दिदै , विद्यार्थी लाई पढनलगाई⁄ पाठको वाचन गर्न लगाई विषय वस्तुको व्याख्या गनु भएको थियो) पाठ् पढदै पाठको व्याख्या गर्नु भएको थियो । पाठको मध्यभाग तिर विषयवस्तु, पर्याप्ता, ऋमवद्धता, उपयुक्तता, सामग्रीको प्रयोग, विद्यार्थी सक्रियता, विद्यार्थीलाई प्रोत्साहन, पृष्टपोषण जस्ता पक्षमा समान्य ध्यान दिइएको पाइयो भने गृहकार्य नदिइएको पाइयो , ।

**प्रधानाध्यापक**

श्री नि.मा.वि. मानसिहं पट्टीका प्र.अ. श्री श्याम साह संग तपाईको विद्यालयमा मातृभाषी मैथिली शिक्षा कार्यक्रम कहिले देखि आरम्भ भएको हो ? भन्ने प्रश्नको उतरमा धनुषा जिल्लामा सबै भन्दा पहिले २०६६ साल देखि नै मातृभाषा मैथिली पाठ्यक्रम " हमर मैथिली पोथी" को पढाइ आरम्भ गरिएको वताउनु भयो । हाल यस विद्यालयमा कति कक्षा सम्म मातृभाषा मैथिली पढाइ हुन्छ ? भन्ने अर्को प्रश्नको उत्तरमा कक्षा १ देखि ५ सम्म अनिवार्यरुपले मातृभाषा मैथिली विषयको शिक्षण सिकाई भइरहेको वताउनु भयो । मातृभाषाको आधारमा मातृभाषी शिक्षक तोक्नु भएको छ ? भन्ने प्रश्नको जवाफमा उहाँले यस विद्यालयमा मैथिली विषयमा स्नात्तकोत्तर गरेका शिक्षक शुर्दशन झा लाई मातृभाषी शिक्षक तोकिएको र उहाँले नै उक्त विषय पढाइरहनु भएको वताउनु भयो । त्यस्तै गरी मैथिली विषयका पाठ्य सामग्री सम्पूर्ण विधार्थीको लागी प्रयाप्त छन् ? र समयमै उपलब्ध भइरहेको छ । भन्ने सवालमा अरु विषयको पाठयपुस्तक निःशूल्क रुपमा जिल्ला शिक्षा कार्यालय मार्फत विद्यार्थीलाई उपलब्ध हुने गरेको तर मैथिली विषयको पाठ्यपुस्तक विद्यार्थी स्वममले शूल्क

तिरेर किन्नु पर्ने भएको तै पनि पाठयपुस्तक समयमा उपलब्ध नहुने गरेको वताउनु भयो । यस विद्यालयमा मातृभाषाको रुपमा मैथिली भाषाको पढाई भइरहदा यसको प्रभावकारिता कस्तो पाउनु भएको छ ? प्रश्न गर्दा मैथिली विषयलाई गर्दा विद्यार्थीहरुको भर्ना दर वृद्धि हुनुका साथै विद्यार्थीहरु पढाइ प्रति सक्रिय भएको , रमाइलो मान्नुका साथै व्यवहारिक परिवर्तन आएको वताउनु भयो मातृभाषा मैथिली कक्षा सञ्चालन र कार्यान्वयनमा कस्ता केही समस्याहरु पाउनु भएको छ ? भनी जिज्ञासा राख्दा मातृभाषा मैथिली सम्वन्धी पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री निमार्ण र विकासको लागि आर्थिक तथा प्राविधिक कठिनाई, मातृभाषी शिक्षकको दरवन्दी व्यवस्थापनमा समस्या माथिल्लो र तल्लो कक्षावीच समन्वयको अभाव, यो विषय अध्ययन गरेपछि भविष्यमा रोजगारीको अन्यौल्यता आदि विभिन्न समस्याहरु रहेको वताउनु भयो । यस विषयलाई प्रभावकारी कार्यान्वयनका लागी के कस्ता पहल गरिनु पर्ला ? भनी सोध्दा यी समस्याहरुको समाधान तथा प्रभावकारी कार्यान्वयनका लागी केन्द्रिय स्तरबाट मुख्य गरी अनुगमण निरीक्षण, पाठ्यसामग्री समयमा उपलब्ध पहल आर्थिक सहयोग, शिक्षक व्यवस्थापन जस्ता कुराको व्यवस्थापन मिलाउनु का साथै सम्वन्धित सबै निकायको सक्रियता आवश्यक देखिन्छ भनी राय प्रस्तुत गर्नु भयो ।

**अभिभावक**

श्री कण्टीर झा उ.मा.वि. वभनगामाका अभिभावक विनोद राउतलाई तपाइको बच्चाले आफनो घरमा वोल्ने मातृभाषामा पढन पाउदा कस्तो लागेको छ ? भन्ने प्रश्नको जवाफमा घरमा वोल्ने भाषामा पढन पाउदाँ सहज रुपले सिक्ने गरेको वोलीमा निखार आएको वाताए । त्यस्तै गरि तपाइको विचारमा मैथिली भाषा पठन पाठन किन आवश्यक छ । भन्ने प्रश्नमा उत्तरमा वहाँले आफनो भाषा संस्कृतिको संरक्षण गर्न, आफनो पहिचान कायम राख्न मैथिली भाषामा पठन पाठन हुनु आवश्यक छ भन्नु भयो । मैथिली भाषा विषय यस जिल्लाको सबै विद्यालयमा कार्यान्वयनका लागि किन अभिभावाक उत्सुक देखिदैन ? भनी सोध्दा यो विषय पढेर भविष्यमा रोजगार को अन्यौलता छ ।, पाठय पुस्तक सहजरुपले नपाउने गरेकोले अभिभावकहरुलाई यो विषय प्रतिको आकर्षण कम छ । त्यसै गरी यो विषयको प्रभावकारी कार्यान्वयनको लागी कुन कुन पक्षको के कस्तो सहयोग देख्नु भएको छ ? अरु विषयहरु जस्तै यो विषयको पाठयपुस्तक सहज ढंगले र निःशुल्क पाउनु पर्छ साथै विद्यालयमा नियमित अनुगमन निरीक्षण , अभिभावक भेलामा यस सन्दर्भमा छलफल हुनु पर्छ । राय

व्यक्त गर्नु भयो ।  भाषाविज्ञ, शिक्षक, अभिभावक, विद्यार्थीहरुवाट प्राप्त प्रतिकृया अनुसार मैथिली मातृभाषा कार्यक्रम लागू गर्न विद्यालयमा , भौतिक, प्रशासनिक , पूर्वाधार भए पनि सम्वधित पक्षको वेवस्ता कारण तथा समयमा विद्यालयमा पाठ्यपुस्तक पुग्न सकिरहेको छैन् । तथा विद्यालयमा मैथिली भाषा शिक्षक दरवन्दिको अभावको कारण मैथिली मातृभाषा पाठ्यक्रम कार्यन्वयनको अवस्था कमजोर देखिन्छ ।

### ४.२.३. शिक्षण सामग्रीहरुको प्रयोगको अवस्था

सिकाइलाई व्यवहारिक, अर्थपूर्ण, उद्देश्मूलक र सरल बनाउन शिक्षण सामग्रीहरु आवश्यक हुन्छ।शैक्षिक सामग्रीको सान्दर्भमा पनि शिक्षा ऐन तथा नियमावलीमा कुनै पनि प्रावधान छैन । तर शिक्षणको क्रममा विषयवस्तु को प्रकृति अनुसारको श्रब्य दृश्य तथा मुर्तसामग्रीको प्रयोग गरेर शिक्षण प्रभाकारी बनाउन सकिन्छ । मैथिली मातृभाषा 'हमर मैथिली पोथी' पाठ्यक्रममा मैथिल परम्परा, रहनसहन, भेषभुषा, ऐतिहासिक व्याक्तित्वका फोटो, संस्कृति झल्काउने बाजा, पहिरन, चित्र/तस्वीर, घरायसी सरसमान, मठ मन्दीर आदि चित्र/तस्वीर हरु समावेश गरी पाठ्यक्रम तयार गरिएका छन् । यस अध्ययनमा नमूना विद्यालयमा अवलोकन र शिक्षक संगको अर्न्तवार्ता पछि सामग्रीहरु कति आफैले तयार गर्ने, केहि विद्यालयले ले उपलब्ध गराइदिने गरेको पाइयो । कक्षा मा शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग समान्य पाइयो । माथिको तालिकावाट यो स्पष्ट हुन्छ कि छनौटमा परेका विद्यालयमा मातृभाषा विषयका लागि आवश्यक दरबन्दी नभएको हुदाँ पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिन्छ । अझ भन्नु पर्दा मैथिली भाषा विषयमा विशिष्टीकरण विषय नभएका शिक्षकले अध्यापन गराउनुले सिकाइ स्तरीय/प्रभावकारी नहुनु वा पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिएको हो । किनकि पाठ्यक्रम कार्यान्वयन गर्ने थलो विद्यालय हो भने कार्यान्वयन कर्ता शिक्षक हो । त्यसै गरी शिक्षक तालिम सम्वन्धमा छनौटमा परेका शिक्षकहरुलाई कस्तो तालिम लिनु भएको छ भनी प्रश्नको उत्तरमा उनीहरुवाट प्राप्त प्रतिक्रिय अनुसार मातृभाषा सम्वन्धी छुटै तालिम नलिएको तर वहुभाषा शिक्षण सम्वन्धी अल्पकालीन तालिम लिइएको पाइयो । कक्षाकोठाको प्रत्यक्ष अवलोकनबाट प्राप्त तथ्याङकलाई तलको तालिका, वाकस मा चित्रण गरिएको छ ।

**घटना नं. ३**

| |
|---|
| जब म कक्षा कोठामा प्रवेश गर्दा मैथिली मातृभाषा हमर मैथिली पोथी विषयको पाठको बारेमा शिक्षण गरिरहनु भएको थियो । शिक्षकले पाठ्यपुस्तकमा भएको चित्र विद्यार्थीलाई हेर्न लगाई व्याख्या गर्नु भयो |

नमूना छनोटमा परेका विद्यालयहरुमा मातृभाषा विषय अध्यापन गराउँदा सामग्रीहरु मैले स्थलगत अध्ययन , कक्षा अवलोकन ,शिक्षकसगँको अर्न्तवाता विद्यार्थी छलफलवाट पाए अनुसार श्री कण्टीर झाँ नमूना उ.मा.बि. बभनगामा विभिन्न चित्र, नक्सा , चाँट ,श्री लक्षमीनिया ज.उ.मा.बि. कुमरौरा स्थानीय रुपमा निर्मित सामग्री नि. मा. बि. मानसिहं पट्टी र विलटसाह सर्वोदय मा.वि. सिनरजोरा, र मोहन मा.वि. सुगानिकासमा स्थानीय सामग्री उपलब्ध रहेको पाएपनि शिक्षकहरु मुश्किलले चक र डस्टर हातमा लिएर कक्षामा गएको र विद्यार्थीहरुको पाठ्यपुस्तक पल्टाएर व्याख्यान विधिको माध्यम वाट पढाएको पाइयो । जबकि सिकाइ सामग्री बिना सार्थक शिक्षण असम्भव छ।

## ४.२.४ शिक्षण विधिहरुको प्रयोगको अवस्था

यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुमा मैथिलीभाषा शिक्षण गर्न शिक्षकले खासगरी ब्याख्यान, छलफल ,प्रश्नोत्तर,प्रर्दश्न विधिको प्रयोग गरी अध्यापन गर्ने गरेको शिक्षक अर्न्तर्वाता तथा विद्यार्थी छलफलवाट प्राप्त तथ्यले देखाउछ । तर पाठ्यक्रमले मैथिली परम्परा , रहनसहन ,ऐतिहासिक तथा धार्मिक स्थलको पनि भ्रमण मा जोड दिएको पाइयो । मोहन मा.वि. सुगानिकासमा मैथिली मातृभाषा शिक्षण भइरहेको थियो । समय समयमा विद्यार्थीहरुसगँ छलफल, प्रश्नोत्तर भइरहेको अवस्था विद्यमान भएपनि बढि जसो ब्याख्यान विधिको प्रयोग भइरहेको थियो ।

**घटना नं. ४**

| |
|---|
| जब म कक्षा कोठामा प्रवेश गरे त्यस वेला कक्षा संचालन भइरहेको थियो शिक्षकले ब्याख्यान विधिको मध्यम वाट विषयबस्तुको जानकारी दिइरहनु भएको थियो । बिच बिच मा विद्यार्थीहरुलाई प्रश्न गर्न तथा उनीहरुले दिइएको प्रतिकियालाई आधार बनाउदै कक्षा कार्य संचालन भइरहेको थियो । पाठ्यपुस्तकमा भएको चित्र हेर्न लाउँदै ब्याख्या र विश्लेषण गरिएको. थियो । |

समग्रमा शिक्षण विधिका समबन्धमा छनोटमा परेको विद्यालयमा बढी जसो ब्याख्यान विधिको प्रयोग भएको पाइयो । यसका सथै छलफल,प्रश्नोत्तर जस्ता विधि पनि प्रयोग भइरहेको पाइयो । खासगरी

विद्यालयमा निरक्षणको अभाव,विद्यालय प्रशासन ,विद्यालय ब्यावस्थापन समितिले पनि खासै शिक्षण सिकाई तथा विद्यालय ब्यावस्थापन प्रति चासो नदेखाएको पाइयो । जसले गर्दा विद्यालयमा पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी नभएको पाइन्छ ।

## ४.२.५ शिक्षकहरु योग्यता तथा तालिम

पेशागत सक्षमता प्रादान गर्नका लागि सम्बन्धित क्षेत्र वा विषयको आवश्यक ज्ञान,सीप र क्षमता अभिवृद्धि गर्न तालिमको माध्यम वाट शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि र विकासका लागि शैक्षिक जनशक्ति विकासकेन्द्रले समुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई विभिन्न समयमा विभिन्न समयावधिको तालिमहरु दिदै आएको देखिन्छ ।

शिक्षा ऐन २०२८ संशोधित २०५८ तथा शिक्षा नामावली २०५९ को परिच्छेद १३ मा तालिम तथा प्रशिक्षण सम्बन्धी ब्यवास्था रहेको छ । जसमा मन्त्रालयले शिक्षक तथा मन्त्रालय अर्न्तगत का कर्मचारीको दक्षता अभिवृद्धि गर्नका लागि तालिम प्रदान गर्न,प्रशिक्षण दिने , शैक्षिक जनशक्ति विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने कुरा उल्लेख छ । नमुना छनोटमा परेका विद्यालयमा मातृभाषा मैथिली अध्यापन गराउने शिक्षकहरुको योग्यता निम्नानुसार रहेको पाइयो।

**तालिका नं. १**

| सि.न. | नाम | मैथिली भाषा सम्वन्धी तालिम लिएको छ /छैन् | |
|---|---|---|---|
| १. | शैलेन्द्र झा. | छैन् | |
| २. | शुदर्शन झा | छैन् | |
| ३. | छठू रजत | छैन् | |
| ४. | कृष्ण चन्द्र यादब | छैन् | |
| ५. | धनेश्वर यादब | छैन् | |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

यसवाट के प्रष्ट हुन्छ भने शिक्षकहरु तालिम प्राप्त भएता पनि मातृभाषा विषय सम्वन्धि तालिम लिएका छैनन्

### ४.२.६ मूल्याङकन प्रक्रिया

पाठ्यक्रमका विभिन्न तत्वहरु मध्ये एक प्रमुख तत्वको रुपमा मूल्याङ्कनलाई लिन सकिन्छ । यसको माध्यम वाट कुनैपनि र्कायक्रमको वारे त्यसका गुण र दोषका वारेमा थाहा पाउन, कमिकमजोरी पत्ता लगाउन, सुधार गर्न र शिक्षण विधी कियाकलाप, शैक्षिक सामग्री आदिको वारेमा बुझ्न । कुन कुन पक्षको वारेमा कसरी सुधार गर्ने भन्ने वारे थाहा पाउन मूल्याङ्कन गर्नुपर्ने हुन्छ । शिक्षा ऐन २०२८ संशोधित २०५८ तथा नियमावली २०५९ परिच्छेद ८ मा उल्लेख भएअनुसार परीक्षाको संचालन र नियन्त्रणसम्वन्धी व्यवस्थामा प्राथमिक तहका विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गर्नको लागि प्रत्येक स्रोत केन्द्र परीक्षण समिति रहने छ । जसले परीक्षासम्वन्धी सम्पूर्ण काम गर्ने छ भन्ने कुरा उल्लेखित छ । विद्यालयहरुले त्यही समितिको मातहतमा रहेर आवश्यकता अनुसार वार्षिक, अर्धवार्षिक, त्रैमार्सिक परीक्षाहरु संचालन गर्नुपर्दछ । कक्षा अवलोकन विद्यार्थी लक्षित समूह छलफल तथा शिक्षक र विज्ञ अन्तरवार्तावाट प्राप्त जानकारी अनुसार मैथिली मातृभाषा विषयको मूल्याङ्कन प्रक्रिया निम्नानुसार रहेको पाइयो । अध्ययनको कममा शिक्षक तथा विषय विज्ञका अनुसार निर्माणात्मक तथा निर्णयात्मक दुवै मूल्याङ्कन प्रणाली प्रयोग गरेको पाइयो । कक्षाकोठामा उद्देश्यहरु कति उपलब्धिमुलक भए वा भएन भनेर पाठको मूल्याङ्कन लिखित वा मौखिक प्रश्न मार्फत गर्नु पर्दछ । त्यसपछि उक्त सिकाई उपलव्धीलाई स्थायी रुपले दिमागमा राख्नका लागि गृहकार्य पनि दिनु पर्दछ । नमूना छनोटमा परेको विद्यालयमा मूल्याङ्कनको अवस्था हेर्दा सुधारात्मक मूल्याङ्कन अन्तगर्त शिक्षकले, गृहकार्य दिने गरेको पाठको अन्तमा प्रश्न उत्तर गर्ने गरेको पाइयो । वर्षमा तीनपटक परीक्षा लिने गरेको रहेछ । प्रथम, द्धितीय र वार्षिक परीक्षावाट पनि मूल्याङ्कन गर्ने परिपाटी रहेछ । यस वाहेक अतिरिक्त कियाकलाप, अवलोकनवाट मूल्याङ्कनगर्ने ,गरेको पाइयो । एकाइ परीक्षा, त्रैमासिक परीक्षा, अन्तिम परीक्षा कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य अन्यकार्यवबाट मूल्याङ्कन गर्ने गरेको मेरो स्थलगत अध्ययनवाट प्राप्त भयो । यस अध्ययनको क्रममा अवलोकन वाट प्राप्त नतिजा अनुसार जिल्ला शिक्षाकार्यालयले वार्षिक परीक्षाको क्यालेन्डर प्रकाशन गर्ने गरेको पाइयो । त्यसको साथ साथै अतिरिक्त कियाकलाप मार्फत आन्तरिक मूल्याङ्कन प्रणाली अपनाउने गरेको पाइयो ।

### ४.२.७ पाठ्यक्रम कार्यान्वयन योजना

पाठ्यक्रमको कार्यान्वयन एउटा महत्वपूर्ण पक्ष हो । विद्यालयमा गरिने सम्पूर्ण योजना कार्यान्वयनको क्षेत्रभित्र पर्दछन । शैक्षिक योजनाहरु नै शैक्षिक कार्यक्रम लाई व्यवस्थि र प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक पर्ने एक खाका हो । योजनाले शिक्षणलाई सही मार्गदर्शन गर्न महत्वपूर्ण भूमिका निवार्ह गर्दछन । एउटा विद्यालयले निम्नानुसारका योजना बनाउनु पर्ने हुन्छ ।

क) दैनिक समयतालिका

ख) वार्षिक शैक्षिक योजना

ग) वार्षिक कार्ययोजना

घ) दैनिक पाठयोजना

अध्ययनका कममा प्रत्यक्ष स्थलगत भ्रमण,अवलोकन, विषयविज्ञ तथा शिक्षकहरुसँगको अन्तरवार्तावाट पनि नमूना छनोटमा परेका विद्यालयमा विभिन्न कारणले योजनाहरुको निमार्ण र प्रयोग नगरेको पाइयो । योजना विना कहाँ, के गर्ने थाहा हुदैन । शैक्षिक क्षेत्रमा बर्षभरिमा गरिने विभिन्न योजना हुन्छन । विशेषगरी वार्षिक कार्ययोजना , शैक्षिक योजना, दैनिक समय तालिका, पाठयोजना जस्ता महत्वपूर्ण मानिन्छन । यस अध्ययनको नमुना छनोटमा परेका विद्यालयमा हेर्दा मातृभाषा शिक्षणका लागि वाषिर्क कार्ययोजना निर्माण गरी दैनिक समयतालिका अनुसार शिक्षण गरेपनि दैनिक पाठयोजना भने नवनाएको पाइयो । तर त्यती भएपनि सामान्य पूर्वतयारी गर्ने जानकारी प्राप्त गरियो । शिक्षकले पढाउने पूर्व पाठको तयारी गरेपनि के के कुरामा ज्ञान दिने सकृयता कमै देखियो । शिक्षकले प्रत्येक हरफहरुमा ब्याख्यान विधि प्रयोग गरेको पाइयो । पाठ्यक्रमका विभिन्न तत्वहरु मध्ये एक प्रमुख तत्वको रुपमा मूल्याङ्कनलाई लिन सकिन्छ । यसको माध्यमबाट कुनैपनि कार्यक्रमको बारेमा त्यसका गुण र दोषका थाहा पाउन , कमिकमजारी पत्ता लगाउन, सुधार गर्न र शिक्षण विधि कियाकलाप, शैक्षिक सामग्री आदिको वारेमा बुझ्नु र कुन कुन पक्षको बारेमा कसरी सुधार गर्ने भन्ने बारे थाहा पाउन मूल्याङ्कन गर्नुपर्ने हुन्छ । कक्षा अवलोकन , लक्षित समूह छलफल तथा शिक्षक र विज्ञ अन्तरवार्तावाट प्राप्त जानकारी अनुसार मैथिली मातृभाषा विषयको मूल्याङ्कन प्रकिया निम्नानुसार रहेको पाइयो ।

## घटना नं. ५

| |
|---|
| अध्ययनको क्रममा कक्षा अवलोकन गर्ने सन्दर्भमा  कक्षा कोठामा प्रवेश गर्दा कक्षा शिक्षकले अध्ययनको क्रममा विद्यार्थीहरुलाइ प्रश्न गर्ने ,उनीहरुले दिएको उत्तरलाई आधार बनाउदै कक्षा क्रियाकलाप गर्ने गरेको पाइयो । मूल्याङ्कनको क्रममा पाठको अन्तमा प्रश्न सोध्ने र गृहकार्य दिने गरेको पाइयो । यस बाट के प्रष्ट हुन्छ भने पाठ्यक्रम कार्यन्वयन को प्रक्रियामा कक्षाकार्य भएको देखिन्छ । |

अध्ययनका क्रममा शिक्षकले कक्षाकोठामा उद्देश्यहरु कति उपलब्धिमूलक भए वा भएन ? भनेर पाठको मूल्याङ्कन लिखित वा मौखिक प्रश्न मार्फत गर्नु पर्दछ । त्यसपछि उक्त सिकाई उपल्ब्धी लाई स्थायी रुपले दिमागमा राख्नका लागि गृहकार्य पनि दिनु पर्दछ । विद्यालय तहमा विद्यार्थी उपलब्धिमूल्याङ्कन का लागि निरन्तर निर्माणात्मक र निर्णयात्मक मूलयाङ्कन प्रक्रियालाई आवश्यकता अनुसार अवलम्बन गरेको पाइयो । नमूना छनोटमा परेको विद्यालयमा मूल्याङ्कनको अवस्था हेर्दा शिक्षकले, गृहकार्य दिने गरेको पाठको अन्तमा प्रश्न उत्तर गर्नै गरेको पाइयो । वर्षमा तीनपटक परीक्षा लिने गरेको रहेछ । प्रथम, द्धितीय ,र वार्षिक परीक्षावाट पनि मूल्याङ्कन गर्ने परिपाटी रहेछ । एकाइ परीक्षा, मासिंक परीक्षा,त्रैमासिंक परीक्षा ,अन्तिम परीक्षा कक्षाकार्य,गृहकार्य  प्रयोगात्मक  कार्य अन्यकार्यवाट मूल्याङ्कन गर्ने गरेको मेरो स्थलगत अध्ययनवाट प्राप्त हुन गएको हो । समग्रमा पाचवटै विद्यालयमा मूल्याङ्कन परिपाटी प्रायः एउटै रहेको भएतापनि शैक्षिक योजना अनुसार नै मूल्याङ्कन गर्ने गरेको पाइयो ।

### ४.३. मैथिली मातृभाषा कार्यान्वयनमा सरोकारवालाहरुको धारणा,समस्या र समाधानका उपायहरु

कुनै पनि पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन गर्नका लागि सम्बन्धित सरोकारवालाहरुको धारणाले महत्वपूर्ण प्रभाव पार्दछ । यदि सबै सरोकारवालाहरुले सकारात्मक भई सहयोग गरेमा कार्यान्वयन प्रभावकारी हुन्छ । अध्ययनको क्रममा यहाँ आम सरोकारवालाहरुको धारणा बुझ्ने प्रयास गरिएको छ

### ४.३.१. समग्र कार्यक्रम प्रति सरोकारवालाहरुको धारणा

पाठ्यक्रमको सर्न्दभमा भाषाका प्रमुख दुईवटा मुद्धाहरु छन । भाषाको संरक्षण,प्रवर्द्धन र विकासको पक्ष दोस्रो पठनपाठनको पक्ष । औपचारिक विद्यालयीय पठनपाठनको दृष्टिले शिक्षणका हकमा दोस्रो पक्ष

बढी महत्वपूर्णको । हाम्रो यस अनुसन्धान कार्यलाई पुरा गर्न हाम्रा सरोकारवालालाई मैथिली मातृभाषा पाठ्यक्रमको कार्यान्वयन सम्बन्धमा उनीहरुको धारणा बुझ्न प्रश्नावली तथा छलफल गरिएको थियो । उनीहरुबाट प्राप्त तथ्याङ्क , प्रतिक्रिया निम्नानुसार छ । उनीहरुवाट प्राप्त प्रतिक्रिया अनुसार मैथिली मातृभाषा पठनपाठन गर्न गराउन आवश्यक छ । यसलाई प्रथमिक तहमा मात्र सीमित नराखेर नि.मा.वि. मा.वि. उच्च शिक्षा तथा विश्वविद्यालय तहमा सम्वन्धि क्षेत्रमा अनिर्वाय विषयको रुपमा लागू गरिनुपर्दछ । राष्ट्रिय शिक्षा नीतिमानै उल्लेख गरेर शिक्षक दरबन्दीको ब्यवस्था, भौतिक स्रोतहरुको सुधार, समयमै पाठ्यपुस्तक उपलब्ध हुनुपर्ने कुरा बताएका थिए । यसैगरी मैथिली मातृभाषा विद्यार्थीहरुलाई आकर्षण गर्न छात्रवृतिको ब्यवस्था , अतिरिक्त क्रियाकलापको ब्यवस्था  यस विषयको अध्ययन पश्चात रोजगारीको अवसर प्रदान गरिनुपर्दछ । मैथिली समुदायको भाषा संस्कृति र मौलिक पहिचान झल्कने किसिमको पाठ्यक्रम निमार्ण गरिनुपर्दछ । पाठ्यक्रम निर्माण गर्दा विद्यार्थी को बालमनोविज्ञानलाई ध्यान दिदै ज्ञान सीप र क्षमता अभिवृद्धि गर्ने किसिमको पाठ्यक्रम निर्माण गर्नुपर्दछ । औपचारिकतामा भन्दापनि विद्यार्थी हरु लाई आफ्नो भाषाप्रति दक्ष र निपूर्ण बनाउनु पर्दछ ।

### ४.३.२. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

शिक्षण क्रियाकलाप प्रत्यक्षरुपमा विद्यार्थीसँग सम्बन्धति हुन्छ ।विद्यार्थीको इच्छा र चाहना बुझेर सोही अनुसार शिक्षण प्रक्रिया अपनाउनु शिक्षकको कर्तव्य पनि हो । त्यसैले क्रियाकलाप सञ्चालन गर्दा अपनाइने विधि वा क्रियाकलापहरु एवम् सामग्रीहरुको विद्यार्थीको रुची इच्छा चाहना र आवश्यकतालाई पुरा गर्ने किसिमको हुनुपर्दछ । मैथिली मातृभाषा विद्यार्थीको लागि शिक्षण गर्दा कक्षा कोठाको वातावरण ,शैक्षिक सामग्री,क्रियाकलाप र विधि आदि विद्यार्थी अनुकूलको हुनु पर्दछ । जसद्धारा उनीहरुलाई पढाईप्रति उत्प्रेरणा जगाउने किसिमको हुनुपर्दछ । अध्ययनका क्रममा नमूना छनोटमा परेका विद्यालयका मातृभाषा अध्यापन गराउने शिक्षक, अभिभावक विषयविज्ञ तथा विद्यार्थीहरुसँगको छलफलवाट प्राप्त जानकारी अनुसार मातृभाषा पाठ्यक्रम कार्यान्वयन प्रक्रिया आशातित रुपमा हुन सकेको छैन । यद्यपी हुदै नभएको होइन । शिक्षक, अभिभावक तथा विषयविज्ञहरुसँगको छलफलवाट प्राप्त निष्कर्ष अनुसार मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयन देखिएको समस्याहरु निम्नानुसार छन् । राजनैतिक , आर्थिक तथा सामाजिक अवस्था, शक्तिमा रहेको

भाषाहरुको प्रभाव योग्यता , दक्षता र प्रतिवद्ध जनशक्तिको अभाव, शिक्षकहरुमा नेपालीलाई दोस्रो र अंग्रेजीलाई अन्तरराष्ट्रिय भाषाको रुपमा प्रयोग गर्ने सीपको अभाव पढेर के गर्ने अन्योलता रहनु, शिक्षकहरुको योग्यतामा कमी हुनु र तालिममा समान अवसर नहुनु , लेखन प्रणालीको विकास नहुनु भएपनि पाठ्यसामग्रीहरु समयमा नै उपलब्ध नहुनु, शिक्षक दरवन्दी र भौतिक पूर्वाधारको अभाव ,एउटै कक्षाकोठामा दुई वा दुईभन्दा बढी मातृभाषीहरु वा धेरै भाषा बोल्ने विद्यार्थीहरु हुनु रहेका छन् । यसका साथै विद्यार्थीहरु असफल हुने परीक्षा प्रणाली , मातृभाषा शिक्षा कार्यक्रम खर्चिलो र श्रोतहरु जुटाउन कठिन हुने , बसाई सराई र भाषिक विभेद , विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालवालिकालाई कसरी समेट्ने भन्ने समस्या रहेका छन् । यसका साथै थुप्रै समस्या विद्यालय परिवारले ध्यान नदिनु पाठयक्रम निर्माणमा समस्या, विद्यालय समितिको निष्क्रियता, पुर्वतयारी र सामग्री निर्माणमा समस्या, विद्यालय प्रशासनले सामग्री उपलब्ध नगराउनु अतिरिक्त क्रियाकलापमा समस्या, आर्थिक अवस्था कमजोर जस्ता समस्याहरु रहेको बताएका थिए ।

### ४.३.३. पाठ्यक्रम, कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु

मैथिली मातृभाषा पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा थुप्रै समस्याहरु छन् । यिनै समस्याहरुले गर्दा विद्यार्थी तथा शिक्षकहरुले थुप्रै कठिनाइहरु भोग्नु परेको छ । त्यस किसिमका समस्या समाधान गरेर सञ्चालन गरेमा आफ्ना उद्देश्य तथा विषयवस्तुले राखेका शिक्षाको उद्देश्य प्राप्त गर्न सजिलो हुने थियो । नमूना छनोटमा परेका शिक्षक, विषयविज्ञ अभिभावक विद्यार्थी तथा प्रक्रिया अनुसार त्यस्ता समस्या समाधान गर्न हामी निम्न उपाय अवलम्बन गर्न सक्छौ । दक्ष तथा तालिम प्राप्त शिक्षको व्यवस्था । भौतिक सुविधामा सुदृढिकरण, कार्यमुलक अनुसन्धान, परिचालन छनौट र नियुक्ती तालिम तथा अनुगमन स्वीकार्य वर्णविन्यास शिक्षण र सिकाइका सामग्रीहरु, कक्षागत पाठ्यसामग्री निर्माण र वितरण ब्यवस्थापन र समन्वय मूल्याङ्कन र अभिलेख, आर्थिक सहयोग सकारात्मक र सहयोगी राजनैतिक वातावरण शिक्षक दरवन्दीको व्यवस्थापन आवश्यक सामग्रीहरुको सहज उपलब्धता निरीक्षण मूल्याङ्कन तथा अनुगमन रहेका छन् ।

समग्रमा भन्नुपर्दा मैथिली भाषाको पाठ्यक्रम कार्यान्वयनमा आएका समस्या समाधान गर्न सम्वन्धीत सबै पक्षले सहयोग गरेमा अवशय पनि समाधान हुन्छ । नमुना छनोटमा परेका शिक्षण विद्यार्थी तथा विज्ञका विचारहरु यस्ता थिए । सेवाकालिन तालिम भौतिक सुविधाको वृद्धि, समयमा पाठ्यसामग्रीको

उपलब्धता, विषय शिक्षकको ब्यवस्था, योजना अनुसारको शिक्षक तथा अभिभावकले पनि प्रतिवद्धता जनाएमा विद्यालयको वातावरण राम्रो भएमा विद्यार्थी अनुपातमा शिक्षकको ब्यवस्था भएमा पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान हुने थिए ।

# परिच्छेद-पाँच

## निष्कर्ष तथा सुझाव

प्रस्तुत अध्ययनमा मैथिली मातृभाषा पाठक्रम कार्यान्वयनको अवस्था अन्तर्गत विद्यालयमा विद्यमान भौतिक साधन स्रोत, शिक्षक दरबन्दी, योग्यता, सम्बन्धीत सरोकारवालाहरुको भुमिका, पाठ्यक्रम कार्यान्वयन संग सम्बन्धीत प्रक्रिया, शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगको अवस्था, शिक्षणका कार्यव्यवस्थापन, कक्षा शिक्षण मूल्याङ्कन प्रणाली, पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलबधता, पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु जस्ता पक्षहरु संग सम्बन्धीत रहेको थियो । साथै यस विषय संग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सरोकार राख्ने सरोकारवालाहरु,शिक्षक,विषयविज्ञ, अभिभावक, प्र.अ. तथा विद्यार्थीहरु सँग खुला प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका सूची निर्माण गरेको थियो । नमूना छनौटमा परेका शिक्षक तथा विषयविज्ञहरुका लागि खुल्ला प्रश्नावाली र विद्यार्थीहरुका लागि लक्षित समूह छलफल गरी उनीहरुको धारणा सङ्कलन गरिएको थियो । यसरी प्राप्त सूचनाहरु व्याख्या र विश्लेषण गरी अध्ययनवाट प्राप्त मुख्य तथ्यहरुलाई निम्नलिखित रुपमा उल्लेख गरिएको छ ।

### ५.१ प्राप्ती

यस अध्ययनवाट विभिन्न स्रोत तथा जानकारीको आधारमा निम्नलिखित तथ्यहरु प्राप्तिको रुपमा आएका छन् ।

क) मैथिली मातृभाषा कार्यकमका पाठ्यसामग्रीहरु समयमै पाठ्यक्रम विकास केन्द्रमा छापिएर पनि सम्वन्धती पक्षको वेवास्ताका कारण पाठ्यसामग्रीहरु ढिलो मात्र विद्यालयमा पुग्ने गरेको पाइयो ।

ख) हाम्रो अनुसन्धानको छनौटमा परेको विभिन्न प्र.अ., शिक्षक, विद्यार्थी तथा विज्ञका अनुसार मैथिली मातृभाषा अध्यापन गराउने शिक्षकहरुको योग्यता एस.एल.सी. देखि स्नातकोत्तर तह सम्म रहेको पाइयो भने शिक्षक तालिमको हकमा अल्पशिक्षकको जस्तो औपचारिक तालिम नलिएपनि विभिन्न निकायहरुले दिने मातृभाषा, बहुभाषा शिक्षण सम्वन्धी तालिम लिइएको पाइयो

ग) मैथिली मातृभाषा शिक्षण गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु छुटै मातृभाषा शिक्षणको लागि नै निर्माण नगरिए पनि विद्यालयमा रहेका भौतिक पूर्वाधारहरु प्रयोग भइरहेकोले भौतिक पूर्वाधारहरुको स्थिती सन्तोषजनक पाइयो ।

घ) मैथिली मातृभाषा पाठ्यक्रमलाई प्रभावकारी दंगले कार्यान्वयन गर्न विद्यालयले निर्माण गर्ने विभिन्न योजनाहरु समयमानै निर्माण गर्ने गरेको पाइयो । त्यति हुदाहुदै पनि ती निमार्ण गरिएका योजना अनुसार पठनपाठन भने नभएको पाइयो ।

ङ) मैथिली मातृभाषा शिक्षण गर्नका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरु विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले वितरण गर्ने, कुनै शिक्षक आफैले निमार्ण गरेर प्रयोग गर्ने गरेको पाइए ता पनि शिक्षणको कममा शैक्षिक सामग्रीको प्रयोग सन्तोषजनक नभएको पाइयो

च) मैथिली मातृभाषा शिक्षणको मुख्य रुपमा व्याख्यान विधिको प्रयोग गर्ने गरेको पाइयो । यसको अलावा प्रदर्शन विधि, प्रश्नोत्तर विधि, छलफल विधि पनि आवश्यकता अनुसार प्रयोग गर्ने गरेको पाइयो । आवश्यक रुपमा कक्षा कार्य, गृहकार्य दिने गरेको पाइयो ।

छ) मैथिली मातृभाषा शिक्षण गर्नको लागि जिल्ला शिक्षा कार्यालय तथा सोभन्दा माथिल्लो निकायबाट कुनै पनि अनुदान तथा शिक्षक दरबन्दीको व्यावस्था नभएको पाइयो ।

ज) मैथिली मातृभाषा पाठ्यक्रम शिक्षणको कममा कक्षा अवलोकनवाट प्राप्त निष्कर्ष अनुसार शिक्षकहरुले किताव , पाठ्यपुस्तकहरु प्रयोग गरेर बढी ब्याख्या गर्ने थोरै मात्र छल फल गर्ने तथा विद्यार्थीहरुको हकमा भने छलफल गर्न लगाउने, पालैपालो भन्न लगाउने चित्र को आधारमा ब्याख्या र विश्लेषण गर्न लगाउने गरेको पाइयो

झ) मैथिली मातृभाषा पाठ्यक्रम शिक्षणको कममा निर्णयात्मक तथा निर्माणात्मक दुवै किसिमको मूल्याङ्कन प्रणाली अपनाइएको पाइयो ।

ञ) पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा नै उपलब्ध हुननसक्नु, शिक्षक दरबबन्दी तथा आर्थि स्रोतको अभाव, सम्वन्धीत सरोकारवालाको वेवास्ता , विभिन्न भाषाभाषी को प्रभाव आदि पाठ्यक्रम कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु हुन् ।

ट) तालिम प्राप्त शिक्षक, भौतिक पूवाधार पाठ्यपुस्तक तथा शिक्षण सामग्रीको निर्माण, शिक्षक दरवन्दीको व्यवस्था आदिमा ध्यान दिए मैथिली मातृभाषा पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने देखिन्छ ।

## ५.२ निश्कर्ष

मातृभाषामा शिक्षा दिनु भनेको शिक्षण सिकाइमा मातृभाषालाई माध्यमका रुपमा प्रयोग गर्नु हो । जसको प्रमुख उद्देश्य विद्यार्थीको सजिलै संग विषयवस्तुको ज्ञान प्राप्त गरुन हो भने प्रमुख लक्ष्य शिक्षामा सबै भाषिक समुदायका विद्यार्थीको पहुँच वृद्धि गर्नु हो । अहिले लोकतान्त्रिक गणतन्त्रात्मक सरकारले सबै जातजाति,भाषाभाषी र समुदायको आफ्नो आस्तित्व र हक अधिकारलाई सम्मान गर्ने र समान अवसर प्रदान गर्ने भनिरहेको अवस्थामा सबैभाषा समुदाय आ-आफ्नो मातृभाषामा शिक्षा दिनुपर्छ भन्ने कुरामा सचेत देखिन्छन । हाम्रो जस्तो बहुभाषिक मुलुकमा सबै भाषिक समुदायको अधिकार प्रत्याभुत गराउन तथा गुणस्तरीय शिक्षाका लागि मातृभाषामा शिक्षा अनिवार्य देखिन्छ । मातृभाषामा शिक्षा सम्वन्धी वैधानिक प्रावधानलाई कार्यान्वयनका लागि विभिन्न सरकारी निकायद्धारा विभिन्न प्रयासहरु भएका छन् । शिक्षा मन्त्रालय, शिक्षा विभाग, समाहित शिक्षा शाखा पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र लगायत अन्य विभिन्ना सरकारी तथा गैरसरकारी संघ संस्थाहरु द्धारा मातृभाषामा शिक्षा विस्तारका लागि विभिन्न प्रयासहरु भएका पाइन्छन् । हाल नेपालका विभिन्न ३५ जिल्लाहरुमा मातृभाषामा शिक्षण सञ्चालन भइरहेका छन् भने तराईका १६ वटा जिल्लाहरु मध्ये विभिन्ना सात ओटा जिल्लाका विद्यालयमा मैथिली मातृभाषा कार्यक्रम सञ्चालित छन् । हाम्रो अध्ययन यिनै विद्यालय मध्ये ५ ओटा मा सिमित थियो । यस अध्ययन बाट प्राप्त निश्कर्ष अनुसार मैथिली भाषा, संस्कृति परम्परा, मूल्य र मान्यताको संरक्षण सम्बद्धन गर्न तथा आफ्नो जातीय/क्षेत्रिय पहिचान स्थापित गर्न मैथिली मातृभाषा अध्यापन गर्नु आवश्यक छ । यसको साथै विभिन्न साहित्यहरु श्रृजनागरी मैथिली भाषालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मैथिली भाषालाई चिनाउन पनि यसको पठन पाठन आवश्यक छ ।

वि. स. २०५५ साल देखि यस विषयको अध्यापन शुरु भएपनि पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरु समयमानै विद्यालयमा पुग्न नसकेको देखिन्छ । त्यसै गरी शिक्षक दरबन्दिका लागि राष्ट्रिय स्तरमा कुनै नीति तथा प्रावधानहरु नहुंदा शिक्षक दरबन्दिको अवस्था अलपत्र छ । अर्को तर्फ

शिक्षक प्रर्याप्त नै भए पनि विद्यार्थी तथा सिकारु केन्द्रित शिक्षण विधीको अभाव देखिन्छ । यसका साथै निमार्णात्मक तथा निर्णयात्मक मूल्याङकन प्रणाली अपनाएको पाइन्छ भने शैक्षिक सामग्रीको अभावको साथै शिक्षक तथा विद्यार्थी क्रियाकलाप को सम्वन्धमा आवश्यकता अनुसार व्यस्ता क्रियाकलापहरु पनि सञ्चालन गरेको पाइयो । त्यसै गरी समयमै पाठ्य सामग्री उपलवध नहुनु, आर्थिक अभाव, शिक्षक तालिम र कक्षा कोठा व्यवस्थापनमा कठिनाई, शैक्षिक सामग्री छनौट । प्रयोगमा कठिनाइ, सम्वन्धित निकायले सबै समस्याहरुलाई समबद्धित सबै पक्षले  ध्यान चासो दिएर समाधान गर्नुपर्ने आवश्यक देखिन्छ ।

## ५.३ सुझाव

मैथिली भाषा, तिरुहुता लिपि मैथिल परम्परा मुल्यमान्यता संस्कार सस्कृति को संरक्षण र सम्बर्द्धन गर्न मैथिली मातृभाषामा शिक्षाको व्यवस्था गरिनु पर्दछ ।

मातृभाषा मैथिली अध्ययन गरिसकेपछि के गर्ने ? भन्ने अन्यौलतालाई हटाउन सम्बन्धीत पक्षले व्यवस्था गर्नुपर्दछ ।

समाहित शिक्षा, सबैका लागी शिक्षा, तथा बहुभाषिक र बहुसांस्कृतिक शिक्षाका सिद्धान्तहरुलाई ध्यानमा राख्दै सबै तह र तप्काका बालवालिकाहरुलाई समेटने गरी शिक्षा प्रदान गरिनु पर्दछ ।

नेपालमा मातृभाषा शिक्षण गर्नको लागि हाल सम्म पनि शिक्षक दरबन्दीको व्यवस्था नभएकाले शिक्षा नीतिमा संशोधन गरि शिक्षक दरबन्दीको व्यवस्था गरिनु पर्दछ ।

पाठ्यक्रम तथा पाठ्यसामग्री विद्यालयमा समयमै पुऱ्याउन पहल गरिनु पर्दछ ।

स्थानिय स्तरमा पाठयसामग्री तथा पाठ्यपुस्तक तयार गर्न स्थानिय विद्यालयका शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गरिनु पर्दछ ।

स्थानिय स्तरमा पाठ्यसामग्री तथा पाठ्यपुस्तक निर्माणका क्रममा स्थानीय ज्ञान, सीप, अभ्यास र वातावरणलाई पाठ्यपुस्तकमा समावेश गर्न पाठ्यपुस्तक विज्ञको सहयोगमा सम्वन्धीत शिक्षकहरु पाठ्यपुस्तक लेखन प्राविधिक सहयोग पुऱ्याउनु पर्दछ ।

यस क्षेत्रमा आवश्यक पर्ने जनशक्ति विकासको योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउनु पर्दछ ।

मातृभाषी शिक्षका लागी आवश्यकता अनुसारको प्रर्याप्त शिक्षक तालिमको व्यवस्था गरिनु पर्दछ ।

सम्वन्धित निकयद्धारा मातृभाषामा शिक्षा सम्वन्धी थप कार्यका लागि प्रयाप्त बजेटको व्यवस्था गरिनु पर्दछ ।

मूल्याङकन गर्दा परीक्षा वाहेक पनि अन्य अपरीक्षण साधन को प्रयोग गर्दे निरन्तर मूल्याङकन प्रणालीको कार्यान्वयन गरिनु पर्दछ ।

मातृभाषा संग सम्बद्धीत विभिन्न अभिमुखीकरण कार्यक्रमहरु समय-समयमा आयोजना गरिनु पर्दछ ।

हाल सम्म मैथिली मातृभाषा अध्यापन गराउंदा विद्यालयमा निर्माण गरिने विभिन्न योजना अनुसार अध्यापन नगराई आफु खुशी अध्यापन गराइकोले अध्यापन गराउंदा वार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक पाठ योजना अनुसार अध्यापन गराउनु पर्दछ ।

मैथिली भाषामा शिक्षण गर्दा व्याख्यान विधी भन्दा पनि मुख्य गरेर गरेर सिक्ने, खेलेर सिक्ने, प्रयोगात्मक र प्रदर्शनात्मक विधीको प्रयोग गरी शिक्षण गर्दा प्रभावकारी हुन्छ ।

शिक्षकहरुले विद्यार्थीको मनोविज्ञान मनोभावना बुझेर शिक्षण क्रियाकलाप सञ्चालन गर्नु पर्दछ शिक्षक निर्देशक भन्दा पनि सहजकर्ताको भुमिका निर्वाह गर्नु पर्दछ ।

मातृभाषाका प्राथमिक तहमा मात्र होइन नि.मा.वि., मा.वि., कयाम्पस तह/उच्च तह सम्मको अध्ययनको व्यवस्था गरिनु पर्दछ ।

मैथिली भाषामा शिक्षण गर्दा प्रभावकारी शैक्षिक समग्री सकेसम्म स्थानीय स्रोत वाट उपलब्ध मूल्य नपर्ने परे पनि क्म मूल्य पर्ने खास गरि मैथिली पहिचान झल्काउने सामग्री को निर्माण र प्रयोग गरी शिक्षण गरिनु पर्दछ ।

## सन्दर्भसामग्रीहरु

अधिकारी, वालकृष्ण (२०६८), ***शिक्षामा विविधताकोलागि पाठ्यक्रम*** काठमाण्डौः सनलाइट पब्लिकेशन

कन्दवा चलन चन्द्र (२०६९), ***लिम्वु भाषामा पाठ्यक्रम कार्यान्वयनको अवस्था*** (अप्रकाशित शेधपत्र ) शिक्षाशास्त्र संकाय किर्तिपुर

कुमिन्स, जिम (२०११), ***वाइलिङ्गगूइल चिल्डरेन्स मदरटङ्ग*** ।

खनाल, पेशल (२०६२), ***शैक्षिक अनुसन्धान पद्दति,*** काठमाण्डौंः सनलाइट पब्लिकेशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), ***हमर मैथिली पोथी,*** पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

पाठयक्रम विकास केन्द्र (२०६३), ***नेपालमा विद्यालय शिक्षाकालागी राष्ट्रिय प्रारुप,*** सानोठिमि भक्तपुर ।

पाठयक्रम विकसा केन्द्र  (२०५०), ***प्राथमिक तहको पाठयक्रम*** , सानोठिमि भक्तपुर ।

पोखरेल, हरि प्रसाद (२०६६), ***शिक्षाको परिचय***  काठमाडौंः पिनाकल पब्लिकेशन ।

***वालअधिकार सम्बन्धी अनुवन्ध*** , १९८९ ।

नेपाल सरकार, ***स्थानीय स्वायत शासन ऐन,*** २०५५, आशिष पुस्तक भण्डार  काठमाण्डौ ।

नेपाल सरकार (२०६५), ***नेपालको अन्तरीम संविधान*** - २०६३, काठमाडौंः बौद्धिक दर्पण ।

नेपाल सरकार (२०६५), ***शिक्षा ऐन २०२८ र नियमावली २०५९,*** काठमाडौंः बौद्धिक दर्पण ।

मगर , चेतवहादुर (२०७०), ***नेपालमा बहुभाषा शिक्षाको कार्यान्वियनको अवस्था*** (अप्रकाशित शेधपत्र ) शिक्षाशास्त्र संकाय किर्तिपुर

मेलोन, डेनिस (२०११), ***समरी अफ लर्निङ थेओरीज***

योञ्जन , अमृत (२००२) , ***नेपालका मातृभाषाहरुको साहित्यको स्थिति र प्रकृति*** इमेतनासुङ सिक्किम

युनेस्को (२००३), ***नेपालमा प्रारम्भिक बालनीति पुनरावलोकन अध्ययन प्रतिवेदन*** काठमाण्डौ

शिक्षा मन्त्रालय (२०६५), ***शैक्षिक सूचना एक झलक,*** काठमाडौं शिक्षा तथा खेलकुद मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६६), ***विद्यालय क्षेत्र सुधार योजना २०६६- २०७२,*** काठमाडौंः शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२००९), ***मातृभाषामा आधारित बहुभाषिक शिक्षा सम्वन्धि अभिमुखिकरण कार्यक्रम पुस्तिका*** २०६६, भक्तपुर काठमाण्डौ ।

हेलेन, पिनोक (२००६), ***शिक्षा मन्त्रालयको ब्रुसर*** ।

Best ,John W and Khon James V (2009), ***Research In Education (Tenth edition),*** New Delhi Prentice Hall India Learning Privet Limeted.

## अनुसूची-१

## छनौटमा परेका विद्यालयका नामावली

१. श्री कण्टीर झा नमुना उ.मा.वि. वभनगामा

२. नि.मा.वि. मानसिहं पट्टी

३. मोहन मा.वि. सुगा निकास

४. लक्ष्मीनिया उ.मा.वि. कूंभरौरा

५. श्री विलट साह सर्वोदय मा.वि. सिनरजोरा

## अनुसूची-२

## छनौटमा परेको विद्यालयका प्रधानाध्यापकहरुको नामावली

| सि.न. | नाम | विद्यालय |
|---|---|---|
| १. | श्री चन्द्र साह | श्री कण्टीर झा. नमुना उ.मा.वि. वभनगामा |
| २. | श्याम साह | श्री नि.मा.वि. मानसिंह पट्टी |
| ३. | लक्ष्मी मण्डल | श्री मोहन मा.वि. सुगानिकास |
| ४. | नरेन्द्र शर्मा | श्री विलट साह सर्वोदय मा.वि. सिनरजोरा । |
| ५. | राम चन्द्र झा. | श्री लक्ष्मीनिया जनता उ.मा.व. कुभरौरा |

## अनुसुची- ३

## छनौटमा परेका शिक्षकहरु

| सि.न. | नाम | तालिम |
| --- | --- | --- |
| १. | शैलेन्द्र झा. | छैन् |
| २. | शुदर्शन झा | छैन् |
| ३. | छठू रजत | छैन् |
| ४. | कृष्ण चन्द्र यादब | छैन् |
| ५. | धनेश्वर यादब | छैन् |

## अनुसूची- ४

### छनौटमा परेका विद्यार्थी

१. प्रियंका कुमारी राउत
२. अम्विका कुमारी राउत
३. किरण राउत
४. टुपेश्वर राउत
५. राजु राउत
६. सन्चेशवरी कुमार ठाकुर
७. ममता कुमारी साह
८. रवि शंकर यादब
९. सुनित कुमार यादब
१०. प्रमोद कुमार यादब
११. महेश मण्डल
१२. शोभा कुमारी मण्डल
१३. राधिका कुमारी साह
१४. धिरेन्द्र साह
१५. संजय कुमार दास
१६. पुजन महरा
१७. विक्की कुमार ठाकुर
१८. विवेक कुमार राउत
१९. कृष्ण कुमार यादब
२०. पिंकि कुमारी
२१. ज्योति कुमारी झा.
२२. मनोज कुमार मण्डल
२३. चन्द्रिका कुमारी दास
२४. मेघा कुमारी मण्डल
२५. सुदिप यादब

## अनुसूची-५

छनौटमा परेका विषय विज्ञ

| सि.न. | नाम | पद |
|---|---|---|
| १. | योगेन्द्र प्रसाद यादब | मैथिली भाषा विज्ञ |
| २. | प्रा.डा. पशुपति नाथ झा. | भाषा विद |
| ३. | धिरेन्द्र प्रेमर्षि | पुस्तक लेखक |
| ४. | डा. राम अवतार यादब | पुस्तक लेखक |
| ५. | प्रा. डा. राम दयाल राकेश | पुस्तक परिमार्जन कर्ता |

## अनूसूची- ६

छनौटमा परेका अभिभावकको  नामावली

१. विनोद राउत

२. दु :खहरण महरा

३. बद्री मंडल

४. प्रमोद ठाकुर

५. महेश यादब

## अनूसूची -७

## शिक्षकहरुकालागी खुला अन्तर्वाता प्रश्नावली

नाम : विशिष्टिकरण विषय :

ठेगाना : अनुभव :

शैक्षिक योग्यता :

कार्यरत संस्था :

१. तपाइले कक्षामा वालवालिकाकै भाषा ( मैथिली मातृभाषा ) मा पढाउदा कस्तो अनुभव गर्नु भएको छ ।

........................................................................................................

२. तपाईको विचारमा मैथिली मातृभाषामा पठन पाठन किन आवश्यक छ ?

........................................................................................................

३. मैथिली मातृभाषा पाठ्यक्रमले विद्यार्थीको अपेक्षा पूरा गर्छ कि गर्दैन ?

........................................................................................................

यदि गर्छ भने कसरी ?

........................................................................................................

यदि गर्दैन भने किन ?

........................................................................................................

४. मातृभाषा सम्वन्धि पाठ्यपुस्तक तथा पाठ्यक्रम को उपलब्धता कस्तो छ ?

........................................................................................................

५. तपाई मातृभाषा शिक्षा ( मैथिली ) सम्बन्धि कुनै तालिम लिनु भएको छ ?

........................................................................................................

यदि छ भने त्यो कस्तो प्रकारको तालिम हो ,

........................................................................................................

६. तपाईले मैथिली भाषा कसरी शिक्षण गराईरहनु भएको छ ?

........................................................................................................

७. कक्षा कोठा व्यवस्थापन कसरी गरिरहनु भएको छ ?

.........................................................................................................

८. मातृभाषामा शिक्षण गरिरहदा सहजता / जटिलता के पाउनु भएको छ ?

.........................................................................................................

९. कक्षामा प्रयोग पाठ्यसामग्री विद्यार्थीको स्तर , तह र क्षमता अनुसार छन् कि छैन ?

.........................................................................................................

१०. निरन्तर मूल्याङ्कन गर्ने गर्नु भएको छ ?

.........................................................................................................

११. शिक्षण विधि र शैक्षिक सामग्री को छनौट र प्रयोग कसरी गर्नु भएको छ ?

.........................................................................................................

१२. मैथिली मातृभाषा विषय कार्यान्वयन पशचात जनसमुदाय तथा अभिभावकको प्रतिक्रिया कस्तो पाउनु भएको छ ।

.........................................................................................................

१३. मातृभाषा सम्बन्धि के कस्तो समस्याहरु देखा परेका छन् ?

.........................................................................................................

१४. स्थानीय मातृभाषाको गीत, कविता, कथा आदि सङ्कलन र लेखन गर्नु भएको छ ।

.........................................................................................................

१५. अन्त्यमा केही भन्नु छ कि ?

.........................................................................................................

## अनूसूची -८

### प्रधानाध्यापकका लागि खुल्ला अन्तर्वाता प्रश्नावली :

नाम : शैक्षिक योग्यता :

विद्यालय : शिक्षण अनुभव

१. तपाईको विद्यालयमा मातृभाषा मैथिली पाठ्यक्रम कहिले देखि लागू गर्नु भयो ।

.......................................................................................................

२. हाल यस विद्यालयमा कति कक्षा सम्म मातृभाषा मैथिली पढाइ हुन्छ ?

.......................................................................................................

३. मातृभाषा विषय शिक्षण गर्न मातृभाषी शिक्षक तोक्नु भएको छ ?

.......................................................................................................

४. मैथिली विषयका पाठ्यसामग्री सम्पूर्ण विद्यार्थीका लागि प्रर्याप्त छन् । समयमै उपलब्ध भइरहेको छ ?

.......................................................................................................

५. यस विद्यालयमा मातृभाषाको रुपमा मैथिली भाषाको पढाइ भइरहदा यसको प्रभावकारिता कस्तो पाउनु भएको छ ?

.......................................................................................................

६. मैथिली मातृभाषाका कक्षा सञ्चालन र कार्यान्वयनमा के कस्ता समस्याहरु पाउनु भएको छ

.......................................................................................................

७. यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागी के कस्ता पहल गरिनु पर्ला , ?

.......................................................................................................

८. मातृभाषा शिक्षण गर्न शिक्षकहरु कसरी परिचालन गर्नु भएको छ ?

.......................................................................................................

## अनूसूची-९

### विज्ञहरुका लागि खुला अन्तर्वार्ता प्रश्नावली

नाम : ठेगाना :

अनुभव : विशिष्टीकरण विषय :

शैक्षिक योग्यता : कार्यरत संस्था :

१. धनुषा जिल्लाका सामुदायिक विद्यालयमा मैथिली मातृभाषा कार्यक्रम कसरी सञ्चालन भइरहेको छ ?

..........................................................................................................

२. तपाइको विचारम मैथिली मातृभाषा पठन पाठन किन आवश्यक छ ?

..........................................................................................................

३. मैथिली मातृभाषा पाठ्यक्रमले मैथिल विद्यार्थीहरुको अपेक्षा पुरा गर्छ कि गर्दैन ? यदि गर्छ भने कसरी ?

..........................................................................................................

गर्दैन भने किन ?

..........................................................................................................

४. मातृभाषि शिक्षकहरुको कार्यव्यवस्थापन कस्तो रहेको छ ?

..........................................................................................................

५. विभिन्न सरोकारवाला संघसंस्थाको भूमिका कस्तो पाउनु भएको छ ।

..........................................................................................................

६. यो कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कुन कुन पक्षको के कस्ता सहयोग आवश्यक देख्नु भएको छ ?

..........................................................................................................

## अनूसूची -१०

## अभिभावकका लागी खुल्ला अन्तर्वाता प्रश्नावली

नाम : शैक्षिक योग्यता :

ठेगाना : पेशा :

१. तपाईको वालवालिकाको आफनो घरमा वोल्ने भाषा / मातृभाषा विषयको पढाइ प्रति सन्तुष्ट हुनु हुन्छ ?

........................................................................................................................

२. तपाईको विचारमा मैथिली भाषा पठन पाठन किन आवश्यक छ ?

........................................................................................................................

३. विद्यालयमा मातृभाषा विषयको पठन पाठन सुरु भएपछि तपाईको वालवालिका पढाइ प्रति कतिको आर्कषित भएको छ ?

........................................................................................................................

४. मैथिली भाषा विषयको पठन पाठन सबै विद्यालयमा नहुनुको कारण के हो ?

........................................................................................................................

५. तपाईको वच्चा पढने विद्यालयमा बर्षमा कति पटक अभिभावक भेला गरिन्छ ?

........................................................................................................................

६. अभिभावकहरु आफना गुनासाहरु लिएर विद्यालयमा कतिको आउनु हुन्छ ?

........................................................................................................................

७. वालवालिकाको सिकाई स्तर वढाउन अभिभावक स्वंमले के के गर्नु पर्छ ?

........................................................................................................................

८. तपाईको वालवालिकाले कस्को सहयोगमा गृह कार्य गर्छन् ?

........................................................................................................................

## अनूसूची-१५

## लक्षित समूह छलफल निर्देशिका

विद्यार्थीहरुका लागि लक्षित समूह छलफल गर्न निमार्ण गरिएको निर्देशिका

१. कक्षा शिक्षकले कक्ष शिक्षण गर्दा तिमीलाई सजिलो महसुस हुन्छ कि अफ्ठ्यारो ?

२. तिमीहरुलाई आफनो भाषामा पढ्न पाउँदा कस्तो लागेको छ ?

३. तिमीहरुको विचारमा पाठ्यपुस्तकमा समावेस गरिएको पाठहरु, चित्र र अभ्यासहरु कस्ता छन् ?

४. मातृभाषा पढाउँदा कस्तो सामग्री प्रयोग गर्नु पर्छ ?

५. तिमीहरुको विचारम कति कति समयको अन्तरालमा परिक्षा लिदाँ राम्रो हुन्छ ?

६. तिमीहरुको आफ्नो भाषामा पढ्दा के कस्ता समस्याहरु देखापरेका छन् ?

७. अभिभावक तथा समाजका अन्य व्याक्तिहरुले कस्तो सहयोग पुऱ्याउनु भएको छ ?

८. पाठ्यपुस्तक समयमै पाएका छौ कि छैनै ?

९. कक्षाकोठा तथा अन्य भौतिक सामग्रीको अवस्था कस्तो छ ?

१०. अन्त्यमा तिमीहरुको केही भन्नु छ की ?

धन्यवाद